ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

GAURI MASIK

वर्ष २०, अङ्क १०, २०८२ असार, पूर्णाङ्क २३०

निरन्तर २३० औं अङ्क

कालिगण्डी

"अनेक दान एक समान"
कथा र पुराणमा दान र द्रव्य भन्दा भाव चढाऔं ।
श्री पशुपतिको इतिहासमा प्रथम पटक ऐतिहासिक
श्रीपशुपतिनाथ महात्म्य-२०८२
२०८२ साउन १ गते देखी ३१ गतेसम्म
शिवमहापुराण, श्रीमद्‌भगवत महापुराण, श्रीमद् देवी भगवत, श्रीराम कथा, श्री राम चरित्र कथा, नेपाल महात्म्य कथाका साथ श्री १००८ शालिग्राम भगवान पुजन, प्रार्थिव शिवलिङ्ग निर्माण पुजन, वेलपत्र र विभिन्न तीर्थस्थलहरुको जल भगवान श्रीपशुपतिनाथमा चढाउने व्यवस्था सहित धार्मिक प्रवचन भजन किर्तन, झाँकी प्रदर्शन हुने ऐतिहाँसिक कार्यक्रममा सहभागी हुन नछुटौ ।

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
उपसम्पादक
भागवतश्री न्यौपाने (९८१३०१०२०२)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

सम्पर्क कार्यालय
मैतीदेवीमार्ग, सेतोपुल, काठमाडौं
फोन नम्बर- ०१-४५३४१४१
इमेलः- masikgauri@gmail.com / gauri_2062@yahoo.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २०, अङ्क १०, २०८२ पूर्णाङ्क २३०

असार २०८२

आइतवार	१	८	१५	२२	२९
सोमबार	२	९	१६	२३	३०
मङ्गलबार	३	१०	१७	२४	३१
बुधवार	४	११	१८	२५	३२
बिहीबार	५	१२	१९	२६	गौरी
शुक्रबार	६	१३	२०	२७	गौरी
शनिवार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।
कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

संक्षिप्त महाभारत

अघिल्लो अंकबाट क्रमशः

गङ्गापुत्र देवव्रत

एकजना वसुकी पत्नीले आफ्ना पतिदेवलाई भनिन्– "यी गाईका माउ बाच्छालाई समातेर मलाई ल्याइदिनोस् न' । उनका पति प्रभासले हाँस्दै भने "हे प्रिय । हामी त देवता हौं, हामीलाई दूध किन चाहियो त्यसमा पनि यी गाई त महर्षि वशिष्ठका हुन्, यिनको दूध अमृत बराबर हुन्छ । हामी यसै पनि अजम्बरी छौं । हामीलाई यी गाईको दूध आवश्यक नै छैन । अर्को कुरा महर्षिको गाई हामीले लगिदिंदा ऋषिले हामीलाई श्राप दिन पनि सक्छन् । त्यसैले यो कुरामा जिद्दी नगर" यति भनेर प्रभासले आफ्नी पत्नीलाई सम्झाए । त्यो कुरा सुन्दै नसुनी झन् ढिपी गर्दै उनले भनिन् "मेरा लागि हैन मर्त्य लोकमा मेरी संगिनी छन् । उनैलाई उपहार दिनका लागि हो । यतिबेला महर्षि पनि आश्रममा छैनन् गाई लिएर जान पनि अप्ठेरो छैन । के तपाईं यति मामुली काम पनि मेरा लागि गर्न त्यसपछि सक्नुहुन्न र ?" प्रभासले आफ्नी पत्नीको कुरा टार्न नसकेर बाँकी ७ जना वसुको सहायता लिएर गाई भगाए ।

महर्षि जब आश्रममा फर्केर आफ्नो नित्यकर्म गर्न खोज्दा पूजा सामग्री दिने नन्दिनी देखेनन् । त्यसपछि ऋषि वशिष्ठले जङ्गलमा जतातत्तै खोजी गर्दै हिंडे । तर नन्दिनी भेट्टाउन नसकेपछि आफ्ना ज्ञानचक्षुद्वारा हेर्दा त वसुहरूको बदमासी भन्ने कुरा पत्तालाग्यो । त्यो थाहा पाएपछि ऋषि वशिष्ठलाई साह्रै रिस उठ्यो । "देवगण भएर पनि मनुष्यले जस्तो लोभलालसा गर्ने तिमी वसुहरूले मर्त्य लोकमा जन्मनु परोस्" भनेर श्राप दिए । ऋषिको श्रापका प्रभावले वसुहरूको मनमा अशान्ति छायो र तुरून्तै उनीहरू ऋषि भएका ठाउँमा गएर माफी मागे । त्यतिवेला वशिष्ठले भने– "हेर वसु हो, मेरो श्राप कहिल्यै झुटो हुँदैन । तिमीहरूले मर्त्य लोकमा जन्मनु नै पर्छ । तर पनि प्रभासबाहेक तिमीहरू ७ जना जन्म लिएर छिटै मुक्त हुनेछौ । प्रभासले भने मर्त्य लोकमा बसेर मेरो श्राप भोग्नै पर्छ । तर मर्त्य लोकमा पनि उसको यश, कीर्ति सबैले सुन्नेछन् ।" त्यति सुनेर पनि वसुहरूको मनमा कत्ति शान्ति भएन र गङ्गा मातालाई भेट्न गए । अनि वसिष्ठ ऋषिबाट "श्राप पाएको कुरा सबै सुनाउँदै भने "हे माता ! तपाईले हामीलाई मान्छेको जुनीबाट छिटै मुक्त गरिदिनुहोस् । हामी जन्मने बित्तिकै गङ्गामा डुबाई मोक्ष गरिदिनुहोला" भनी वसुहरूले अनुरोध गरेकाले गङ्गाले उनीहरूको आग्रहलाई स्वीकार गरी राजा शान्तनुलाई मोहजालमा पारेर बच्चा जन्माउनेवित्तिकै सात वसुलाई गङ्गामा विसर्जन गर्नुभएको हो ।

समय बित्दै गयो । एकदिन राजा शान्तनु जङ्गलमा शिकार खेल्दाखेल्दै नदीको किनारमा पुगे । त्यहाँ उनले एउटा अनौठो दृश्य देखे । अति सुन्दर एक नौजवान बगिरहेको नदीमा आफ्नो वाण हानिरहेको थियो । लगातार वाण हान्दै गर्दा नदीको वेग नै रोकियो । यस्तो घटना देखेर शान्तनु चकित परे । त्यतिवेला नै राजाका अगाडि गङ्गा माता प्रकट हुनुभयो र त्यो नौ जवानलाई आफू भएतिर बोलाउनुभयो । त्यसपछि राजापट्टि फर्केर भन्न लाग्नुभयो– "यी युवकलाई तपाईले चिन्नुभयो त ?" राजा अक्कनबक्क परे, केही बोलेनन् । गङ्गाले फेरि भन्नुभयो "यही नै तपाईं र मेरो आठौं पुत्र देवव्रत हो । यसलाई महर्षि वशिष्ठले सारा वेद, वेदाङ्गको शिक्षादीक्षा दिएर पारङ्गत बनाउनु भएको छ । योसँग शास्त्रार्थमा शुक्राचार्य र शस्त्रअस्त्रको रणकौशलमा परशुरामले मात्रै मुकाबिला गर्न सक्छन् ।

रणकौशलमा जति अब्बल छ, राजनैतिक चतुऱ्याइँमा पनि उत्तिकै अगाडि छ । अब तपाईं आफ्नो छोराको जिम्मा लिनुहोस् ।" यसपछि देवव्रतको टाउको सुम्सुम्याई आशीर्वाद दिंदै बाबु र छोरालाई गङ्गाले विदा गर्नुभयो । क्रमशः

प्रस्तुतिः केदारनाथ खनाल,
भीमसेनथापा– ३, तान्द्राङ, गोरखा

सम्पादकीय

कालीगण्डकी पथान्तरण : विकाश कि विनाश ?

कालीगण्डकी नदी दामोदर हिमशृङ्खलाबाट प्रवाहित पवित्र नदी हो । विश्वका समस्त सनातनीहरूको आस्थाको केन्द्र कालीगण्डकी देवनदीका रूपमा प्रसिद्ध छ । कालीगण्डकीमा मात्र उत्पन्न हुने दुर्लभ शालग्राम विश्वभरका हिन्दु सनातनीहरूले प्रत्यक्ष देवताका रूपमा पूजा गर्दछन् । यसै पवित्र नदीका किनारमा दामोदर कुण्ड/मुक्तिनाथदेखि हरिहरक्षेत्र देवघाटधाम हुँदै त्रिवेणीधामसम्म पुराण वर्णित अनेकौँ तीर्थहरू रहेका छन् । ती तीर्थमा अनादिकालदेखि ऋषिमहर्षि र तपस्वीहरूले साधना गरेर जीवन सफल बनाएका ऐतिहासिक तथ्यहरू लोकप्रसिद्ध छन् ।

पछिल्लो समयमा गण्डकीका सन्तानहरूले नै आमाको त्यो दिव्यतम महिमा र सौन्दर्य भुल्न थालेको आभाष भएको छ । जसका कारण पवित्र कालीगण्डकीको धार्मिक, सांस्कृतिक, प्राकृतिक र आध्यात्मिक गरिमा खस्कँदै गएको छ । यसैको ज्वलन्त उदाहरण कालीगण्डकी डाइभर्सन हो । कालीगण्डकी नदीको पूर्वपट्टि स्याङ्जाको मालुङ्गा र पश्चिमपट्टि पाल्पाको रम्भा नगरपालिकाको पीपलडाँडा जोड्ने गरी १२५ मिटर लामो बाँध बाँधेर ३८ किलोमिटर लामो र ९ मिटर गोलो सुरूङ्बाट बुटवल नजिकै तिनाउमा पानी पुर्‍याउने परियोजना नै कालीगण्डकी–तिनाउ डाइभर्सन हो ।

संघीय सरकारले कालीगण्डकीको पथान्तरणको विषय अगाडि बढाएपछि गण्डकी प्रदेश सरकारले सरकारको सो निर्णयमा विमति जनाएका छन् भने लुम्बिनी प्रदेश सरकारले स्वागत गरेको छ । संघीय सरकारको विवादस्पद उक्त निर्णयले दुई प्रदेश बीचमा समेत द्वन्द्वको स्थिति सिर्जना भएको छ । यसैबीच सरकारको सो निर्णयले कालीगण्डकीको अस्तित्व नै खतरामा परेको भन्दै साधुसन्तहरुले समेत असहमति जनाउनु भएको छ । यसै प्रसंगमा कालीगण्डकी र यस नदी वरपरका तीर्थहरूको प्रचार प्रसार गर्दै जनजागरण गराउने हेतुले देवघाटधाम अन्तरगत महेश संन्यास आश्रमका पीठाधीश्वर स्वामी रमणानन्द गिरी महाराजको सत्संकल्पमा गत जेठ २२ गतेदेखि करिव २५ दिनको देवघाटधाम दामोदरकुण्ड पद्यात्रा सञ्चालन हुदैछ । दुई प्रदेशबीच सद्भावपूर्ण सहमति नभइ संघ सरकारले यो निर्णय कार्यान्वयन गर्न अगाडि बढ्ने हो भने विकास होइन विनाश निम्तन सक्छ । तसर्थ सरकारले पुनर्विचार गर्नुमा नै सबैको भलाइ छ ।, अस्तु,

यसभित्र

अविच्छिन्न

संक्षिप्त महाभारत — केदारनाथ खनाल — २

सम्पादकीय — ३

कविता

उत्तरकाशी — डा. मोहन उपाध्याय, ढकाल — ४

गीताज्ञान

कर्मयोग — आचार्य खेमराज 'केशवशरण' — ५

समयसन्दर्भ

वृहस्पति अस्त... पं. बालमुकुन्द देवकोटा — ७

आध्यात्मिक वार्ता

श्रीरामकृष्ण तथा... श्रीमहेन्द्रनाथ गुप्त श्री'म' — ९

समसामयिक

२८ व्यासहरूको... मोहनप्रसाद आचार्य — १२

रहस्य

देव हयग्रीव... सहप्रा. डा. विनु बाबा अर्याल — १५

अन्तरवार्ता

कोटीहोमले.... — युवराज लामिछाने — १८

पुराण-पात्र

कालजयी महर्षि माण्डव्य — पं. वेदप्रसाद पन्त — २२

महिमा

गण्डकीको महिमा — सविन प्रभात — २५

विश्लेषण

प्रकृतिः .. आचार्य सुरज कौडिन्य पराजुली — २९

आयुर्वेद

मेथीको उपयोगिता — डा. किशोरनारायण श्रेष्ठ — ३२

गीत

नयाँ विहानीको यात्रा — विपीन ढकाल — ३३

गतिविधि — ३४

उत्तरकाशी

–डा. मोहन उपाध्याय ढकाल

नेपाल उत्तरं काशी कथ्यते उत्तरैर्रगुणैः
दशगया समुत्थेतं तत्भूमि स्पृश मात्र तः ।

उत्तरकाशी नेपाल अत्यन्त पुण्यको स्थल
देवदेवी ऋषिबाट बग्दथे ज्ञानको भल ।
ऋषि महर्षि देवर्षि उत्पत्ति सबको थलो
उच्च पारेर यो देश गर्दथे सबको भलो ॥

विश्वको भाल नेपाल शान्ति र सुखदायक
ज्ञान ध्यान यहीँ चल्थे थियो यो शुद्धनायक ।
विष्णु र शिवको शक्ति नवावतार बुद्धको
उत्पत्तिस्थलले गर्दा भयो यो देश शुद्धको ॥

नानारंगी कुरूंगीको प्रवेश देशमा भयो
यो देशको भेष भूषा कुरूंगीतर्फको रह्यो ।
सत्ययुगी दितिसुत सूत्रधारी बनीकन
आउन ता यहाँ आए तर संझे उही तन ॥

रसोन र पलाण्डु नै वारूणीरस साथमा
कृकवाकुर भूदार वल रहन्छ गाथमा ।
भोजमा प्रेमका साथ माथ हल्लाउने श्रम
देखिन्छ केही स्थलमा नवीन नृत्यको क्रम ॥

फिरंगीको नीति आई भीति धेर भराउँछ
यो चालले देशको नै भेष शून्य गराउँछ ।
जनताले समयमै सचेत हुनुपर्दछ
होस साथ जोश राखौं भलो सर्वत्र गर्दछ ॥

सनातन धर्मसरी अरू धर्म कुनै पनि
छैनन् भन्ने यहाँ जानौं हुनेछ स्थलको जनी ।
सच्चितन् स्वान्तमा राखौं सत्य संकल्पमा मन
दैवी ऐश्वर्यका साथ शुद्ध हुन्छ सदा तन ॥

महान हो हिन्दु धर्म वर्म बन्छ सधैभरी
वर्मले कर्म सप्रन्छ चित्तमा बस्तछन् हरि ।
शरीरमा शक्ति बढ्छ सरणी बन्छ शोभन
धरणीमा धर्म जागोस् भन्ने चाहन्छ मोहन ॥

उत्तरकाशी नेपाल भनिन्छ पुण्यको स्थल
देवभूमि हो यो नित्य बग्दछन् ज्ञानको भल ।❖

–विराटनगर, मोरङ

गीता तृतीय अध्याय

कर्मयोग



–आचार्य खेमराज केशवशरण

प्रकृतेर्गुणसंमूढाः सज्जन्ते गुणकर्मसु ।
तानकृत्स्नविदो मन्दान्कृत्स्नविन्न विचालयेत् ।२९।

अन्वय- प्रकृते गुणसम्मूढा : गुणकर्मसु सज्जन्ते । अकृत्सन विद्ः तान् कृत्स्नवित् न कि विचालयेत् ।

सरलार्थ- प्रकृतिका गुणहरूबाट मोहित भएका अज्ञानी गुणमय कर्महरूमा आसक्त हुन्छन् । सबै कुरा राम्ररी नबुझिसकेका ती मन्दबुद्धि अज्ञानीहरूलाई पूर्णज्ञानी पुरुषले विचलित पारिदिनु हुँदैन ।

भावविशारदा- प्रकृतिबाट बनेको यो शरीरप्रति आत्याधिक आसक्तिराख्ने व्यक्तिहरू शरीरलाई नै आफू मानेर देहात्मवादी बन्दै त्रिगुणमय संसारमा झनझन आसक्त बन्न पुग्दछन् । परिणामस्वरूप देहात्मवादी बनेर उनीहरू झन झन स्थूलबुद्धि बन्दै जान्छन् । शरीरको सुखसुविधा नै उनको सर्वस्व बन्न पुग्दछ । आध्यात्मिक चेतना, अनुभूति तिनका लागि विल्कुलै अपरिचित र अवान्छनीय बनिरहेको हुन्छ । इन्द्रियहरूको तृप्ति नै तिनको सर्वस्व बनिरहेको हुन्छ । तिनका सामु उनको समझदारीको कमीलाई लिएर विषाद बल्झाउने भूल कहिल्यै गर्नुहुन्न । किनभने कतै पनि, कसैसँग पनि विवाद भयो भने त्यसले एउटा सुन्दर रचनात्मक कार्य गर्नसक्ने शक्तिलाई, ऊर्जालाई खेर फाल्नुपर्ने हुन जान्छ । त्यसैले साधनापथका मर्मज्ञहरू एक स्वरले भन्ने गर्दछन्- विवादः सर्वथा त्याज्यः । सत्सङ्गबाटै टाढा रहेका आध्यात्मिक अनुभूतितर्फ पटक्कै लाग्न नसकेका त्यस्ता अज्ञानीहरूसँग विवादमा नअल्झी आफ्नो साधनाको मार्गमा अटूट आस्था राखेर निर्वाध रूपले अघि बढ्ने प्रेरणा यस श्लोकले गरेको छ ।

वरपरको देखासिकीमै भए पनि ज्ञानहीन व्यक्तिहरू पनि कहिले काहीँ पुण्य कर्ममा लाग्ने गर्दछन् । तर निष्कामतासाथ गर्दाको अनन्त आनन्दको अनूभूति नभै सकेका तिनीहरू विभिन्न कामनाहरूमा जेलिएर शुभकर्मतिर लाग्ने गर्दछन् । यस्तो अवस्थामा तिनले निष्कामताको बाटो लिन सकेनन् भनेर तिनीहरूलाई असजिलो लाग्ने गरी भनिदिनु हुँदैन । सबै कुरा बुझिसकेकोले आफू राम्रो गरेर उदाहरण बन्दै शुभकर्ममा लाग्नु पर्दछ ।

यस श्लोकमा प्रयुक्त भएका अकृत्सन विद्ः, मन्दान, न विचालयेत् यी पदहरू अत्यन्त मार्मिक छन् । सारांशका रूपमा यस श्लोकले के कुरा पनि सुझाउँछ भने समझदार साधकले अरू के गर्दैछन् भनेर अरूको चियोचर्चामा समयको अपव्यय गर्दैन, गर्नुहुँदैन । आफ्नो साधनालाई उज्जल, उज्जलतर र उज्जलतम् बनाउँदै लानमा नै उसको सम्पूर्ण चेतना केन्द्रित हुन्छ ।

यसरी कर्मको अनिवार्यता बताई अब भगवद्भावना मनमा राखेर निशङ्क मनले कर्म गर्ने प्रेरणा दिंदै भगवान् अर्जुनलाई भन्नुहुन्छ–

मयि सर्वाणि कर्माणि संन्यस्याध्यात्मचेतसा ।
निराशीर्निर्ममो भूत्वा युध्यस्व विगतज्वरः ।३०।

अन्वय- अध्यात्मचेतसा मयि सर्वाणि कर्माणि सन्यस्य निराशी निर्मम भूत्वा विगतज्वरः युध्यस्व ।

सरलार्थ- अर्जुन ! आफ्नो चित्तलाई पूर्णरूपले

विवेकी बनाएर समस्त कर्तव्य कर्महरूलाई ममा अर्पण गर अनि कुनै फलाशा मनमा नराखी संसारको कुनै पदार्थमा ममत्वको भाव आउन नदिई सन्तापरहित भएर युद्ध गर ।

भावविशारदा- यस श्लोकले कर्मलाई योग बनाउने मूल मन्त्र प्रदान गरेको छ । साधकले आफ्नो प्रकृति यदि ज्ञानयोगको अनुकूल हुँदैन भने कर्मयोगतिर लाग्नु पर्दछ र कर्मयोगतिर प्रवृत्त भएका साधकको पूर्ण सफलता यस श्लोकले बताएका कुरालाई जीवनमा अवतरित गरेर मात्र प्राप्त गर्न सकिन्छ । यस श्लोकमा आएको अध्यात्मचेतसा भन्ने पद अत्यन्त मार्मिक छ । चित्तमा भौतिक यषणाहरूलाई ठाउँ हुनुहुन्न । आध्यात्मिक भाव स्थिर हुनु पर्दछ । त्यस्तो अध्यात्ममा स्थिर बनेको चित्तले सम्पूर्ण कर्महरूलाई भगवान् वासुदेवमा समर्पित गरी त्यसबाट प्राप्त हुने फल समेत भगवान्मा नै निवेदन गरी निष्काम भावले ममतायुक्त बनेर कर्तव्य कर्म गर्न सकेमा आदर्श कर्मयोगी बन्न सकिन्छ । केवल कर्ममात्र गरिरहने व्यक्ति कर्मी हुन्छ । तर यस श्लोकले वताएअनुसार कर्म गर्ने चाहिँ कर्मयोगी बन्दछ ।

वास्तवमा यस अनुसार कर्म गर्दा कर्मजन्य बन्धनमा कहिल्यै पर्नुपर्दैन । आफ्नो स्वार्थपूर्ण लौकिक सोचाइले गर्दा नै मानिस कर्म गरेर बन्धनमा पर्ने गर्दछ । परन्तु, भगवान्मा कर्मफल अर्पण गरेर भगवत्सेवाकै रूपमा गरिने कर्मले कहिल्यै बन्धनमा पार्दैन । कर्म गरिरहेर पनि साधक मुक्त रहन सक्दछ । भगवान्ले भन्नुभएको विगतज्वरः भन्ने पद पनि अत्यन्त मार्मिक छ । यहाँ ज्वर शब्दले शारीरिक ज्वरलाई नलिएर चिन्ता, विषाद, सन्ताप जस्ता आन्तरिक ज्वरलाई लिइएको छ । आन्तरिक ज्वरको संभावना त्यस बेला हुन्छ, जब साधकले कुनै कर्म गर्दा त्यसको फलसित आफूलाई गाँसेर यसले उसलाई यति फाइदा हुन्छ भन्ने सोचिरहेको हुन्छ । जब सम्पूर्ण फलाशा त्यागेर भगवान्मा नै समर्पण गरेर कर्म गरिन्छ त्यहाँ बन्धनमा परिने कुरा विल्कुलै रहन्न । त्यसैले भगवान्ले आश्वासनको भाषामा भन्नुभएको छ– युध्यस्व विगतज्वरः । क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।)

असार महिनाका पर्व तथा विदा

१ गते मिथुन सङ्क्रान्ति
४ गते गोरखकाली पूजा
७ गते योगिनी एकादशी व्रत (स्मार्तहरूको)/विश्व योग दिवस/संगीत दिवस
८ गते योगिनी एकादशी व्रत (वैष्णवहरूको)
९ गते सोम प्रदोष व्रत
११ गते भूमी पूजा
१५ गते दहीचिउरा खाने दिन/राष्ट्रिय धान दिवस
१८ गते विश्व खेलकुद पत्रकार दिवस
१९ गते गोरखकाली पूजा
२१ गते अन्तर्राष्ट्रिय सहकारी दिवस
२२ गते हरिशयनी एकादशी व्रत (तुलसी रोप्ने)/चतुर्मास व्रत आरम्भ
हरिशयनी एकादशी व्रत (तुलसी रोप्ने)/चतुर्मास व्रत आरम्भ
२४ गते प्रदोष व्रत
२६ गते गुरू पूर्णिमा व्रत/पूर्णिमा व्रत/व्यास जयन्ती
२७ गते विश्व जनसंख्या दिवस
२९ गते भानु जयन्ती
३१ गते बीतक कथा प्रारम्भ

वृहस्पति अस्त : के गर्ने ? के नगर्ने

पं. बालमुकुन्द देबकोटा

हिन्दु धर्म अनुसार देवताका गुरू बृहस्पति हुन् भने दैत्यका गुरू शुक्राचार्य हुन् । हिन्दुधर्म अनुसार प्रत्येक वर्ष शुक्र अस्त र बृहस्पति अस्त हुने गर्दछ । घुम्दै जाने क्रममा वर्षको एक समयमा शुक्र ग्रह पृथ्वीनजिक पुगेपछि सूर्यको प्रकाशले शुक्र ग्रहको प्रकाशलाई ओझेलमा पार्नुलाई शुक्र अस्त भन्ने गरिन्छ । साथै घुम्दै जाने क्रममा वृहस्पति ग्रह पृथ्वीनजिक पुगेपछि सूर्यको प्रकाशले वृहस्पति ग्रहको प्रकाशलाई ओझेलमा पर्नुलाई वृहस्पति अस्त भन्ने गरिन्छ । ज्योतिषीय मान्यता अनुसार वृहस्पति अस्त हुने तीन दिनअघि वृद्ध र उदाएको तीन दिनसम्म बालक हुने भएकाले धार्मिक क्रियाकलाप गर्नुहुँदैन ।

धार्मिक मान्यता अनुसार नित्य, नैमित्तिक र काम्य गरी तीन प्रकारका कार्य रहेका हुन्छन् । नित्य कर्ममा स्नान, ध्यान, जपतप, पूजापाठ आदि कर्म पर्दछन् । नैमित्तिक कार्यमा बच्चाको न्वारान, पास्नी, मृत्यु, संस्कार तथा श्राद्ध, मासिक तर्पण, जन्मोत्सव जस्ता कर्म पर्दछन् । काम्य कर्ममा जुराएर र हेराएर गर्ने प्रकृतिका कार्यहरू जस्तै नयाँ गृह निर्माण आरम्भ, नवगृह प्रवेश, नयाँ व्रतको आरम्भ, नयाँ मन्दिर निर्माण, मूर्ति स्थापना, सप्ताह, नवाह आदि अनुष्ठान र व्रतबन्ध-विवाह आदि संस्कारहरू पर्दछन् ।

प्रत्येक काम्य कर्मका फलदाता नै गुरू र शुक्र हुन् । वृहस्पति र शुक्र अस्त भएका बेलामा पोखरी इनार खन्न, मन्दिर बनाउन, पहिलो पटक कपाल क्षौर गर्न, तीर्थ यात्रामा जान, देव प्रतिष्ठा गर्न, कान छेदन गर्न, व्रतबन्ध, विवाह गर्न, दीक्षा दिन, मन्त्र सुन्न काम्योद्देश्यले वृषोत्सर्ग गर्न पनि मिल्दैन । साथै बगैँचा कुवाको निर्माण, गृहारम्भ, चान्द्रायण व्रत, तुलादान, व्रतको शुरू र समापन, विद्यारम्भ संस्कार, यसअघि नगरिएको देवताको दर्शन, अग्नि होत्र, सप्ताह पुराण, देव स्थापन, प्राण प्रतिष्ठा, संन्यास ग्रहण, राजाको दर्शन, राजाभिषेक, यात्रा, विशेष परीक्षा आदि कर्मलाई शास्त्रले निषेध गरेको छ । त्यस्तै अस्त भएको बेलामा वृहस्पति निर्बल हुने हुँदा विवाह, व्रतबन्ध आदि शुभकर्म गर्नुहुँदैन भनी शास्त्रले निर्देश गरेको छ । समयमा संस्कार हुन नसकेका बाँकी संस्कार, देवताको प्रतिष्ठा, दीक्षामन्त्र ग्रहण, विशेष परीक्षा आदि कुरा त्याज्य हुन्छन् भनी मुहूर्त चिन्तामणिमा बताइएको छ :

वाप्यारामतडागकूपभवनारम्भप्रतिष्ठेव्रता–
ऽऽरम्भोत्सर्गबधूप्रवेशनमहादानानि सोमाष्टके ।
गोदानाग्रयण–प्रपा–प्रथमकोपाकर्म वेदव्रतम् ।
नीलोद्वाहमथातिपन्नशिशुसंस्कारान् सुरस्थापनम् ॥
दीक्षा–मौञ्जि–विवाहमुण्डनमपूर्वं देवतीर्थेक्षणम् ।
सन्यासाग्निपरिग्रहौ नृपतिसन्दर्शाऽभिषेकौ गमम् ।
चातुर्मास्यसमावृतीश्रवणयोर्वेधं परीक्षां त्यजेद् ।
वृद्धत्वास्तशिशुत्व इज्य–सितयोर्न्यूनाधिमासे तथा ॥

(मुहूर्त चिन्तामणि, १।४६।४७) ।

वृहस्पति दशा चलिरहेका व्यक्तिलाई वृहस्पतिले जुन फल जति प्रदान गर्नु पर्ने हो सो प्राप्त नहुन सक्ने स्थिति पनि रहन्छ । अस्त भएको वेलामा वृहस्पति निर्बल हुने हुँदा विवाह, व्रतबन्ध आदि शुभकर्म गर्नुहुँदैन भनी शास्त्रले निर्देश गरेको छ । यसैगरी गयाश्राद्ध र गोदावरीको यात्रा भने गर्दा हुन्छ भन्ने वायुपुराणले बताएको छ । अन्य यात्रा भने गर्नु हुँदैन ।

न त्यक्तव्यं गयाश्राद्धं सिंहस्थे च वृहस्पतौ ।
अधिमासे सिंहगुरावस्ते च गुरुशुक्रयोः ।
तीर्थयात्रा न कर्तव्या गयां गोदावरीं विना ॥ (वायुपुराण)

अस्त विभिन्न प्रकारले हुने हुन्छ । विशेष गरी वृहस्पतिको बिम्बलाई सूर्यले छेकेको समयमा वृहस्पति

अस्त मान्ने प्रचलन रहेको छ । सूर्य र वृहस्पति एउटै राशिमा अर्थात् पृथ्वीको कुनै स्थानबाट आकाशमा एउटै कोणीय अन्तर पर्दा यस्तो स्थितिको सिर्जना हुन्छ । अन्य ग्रह अस्त हुँदा पनि सूर्यसँगको कोणीय अन्तर न्यून रहन्छ । वृहस्पतिको स्थान सूर्यभन्दा पनि निकै टाढा रहेको छ । आकाशमा जब सूर्यका किरणले वृहस्पतिको बिम्ब हाम्रो (पृथ्वीवासीको) दृष्टिमा छेक्छ उक्त निश्चित समयमा बृहस्पति अस्त रहन्छन् । अर्थात् हाम्रो भू-अवस्थितिबाट आकाश मण्डलमा बृहस्पति देखिँदैनन् । हाम्रो दृष्टिपथमा नआएका ग्रह सामान्यतः अस्त अवस्थामा रहने गर्दछन् । ग्रहहरू उदय अस्त, वक्रमार्ग हुनु नियमित प्रक्रिया हो ।

सूर्यले एक वर्षमा ३६० अंश (डिग्री) पार गर्दछ भने वृहस्पतिले एक वर्षमा लगभग एक राशि अर्थात् ३० अंश (डिग्री) मात्र पार गर्दछन् । यसरी हेर्दा वृहस्पति र सूर्यको भेट हुने एक वर्षमा एकपटक सम्भावना रहन्छ । सूर्य र वृहस्पति नजिकिएको अवस्था वृहस्पति अस्तको हो । विशेषतः सूर्य र वृहस्पतिको ११ कालांशको अन्तर समानको समयलाई वृहस्पति अस्त मानिएको छ (सूर्यसिद्धान्त, ९।६) ।

यसरी अस्त हुँदा वृहस्पतिले प्रदान गर्ने ऊर्जा हामीमा प्राप्त नहुने भएकाले वृहस्पति अस्त रहँदा काम्यविशेष कर्म विवाह, व्रतबन्ध, विशेष यज्ञ, अनुष्ठान आदि नगरिएका हुन् । यस्ता विशेष कार्यका निम्ति वृहस्पतिजन्य प्रभाव सबल रहनुपर्दछ भन्ने ज्योतिष एवम् धर्मशास्त्रको मान्यता रहेको छ । यस्तो अवस्थामा तत्जन्य प्रभाव न्यून रहने भएकाले विशेष कार्यको सिद्धिका निम्ति गरिने यज्ञ, अनुष्ठान आदि काम्यकर्म नगर्नू भनिएको हो । किनकि यस्तो अवस्थामा बृहस्पतिजन्य बल कमजोर रहन्छ र कार्य पनि प्रभावकारी बन्न सक्दैन ।

वृहस्पति विशेषतः ज्ञान र अर्थतत्त्व प्रदान गर्ने ग्रह हो । महजस्तै पहेँलो दृष्टिवाला, बुद्धिमान्, पुष्ट मांस भएको, कफप्रकृतिको, गोरो वर्णको, पहेँलो केश भएको, अधिक मज्जायुक्त लामो (अग्लो) शरीर भएको गुरूको स्वरूप छ भनी वराहमिहिराचार्यले उल्लेख गरेका छन्–

'मधुनिभनयनो मतिमानुपचितमांसः कफात्मको गौरः ।
ईशत्पिङ्गलकेशो मेदःसारो गुरुदीर्घः ॥

(लघुजातकम्, ग्रहस्वरूपाध्याय, श्लो.५)

यसरी ग्रहको स्वरूप र प्रकृतिअनुसार पृथ्वीवासीमा फल पनि प्राप्त हुने गर्दछ । यसैले बुद्धिपक्षको क्षेत्र वृहस्पति अस्तमा कमजोर रहने गर्दछ । यसका साथै वृहस्पति अस्त भएको अवस्थामा कफप्रकृतिको विकार अधिक रहन सक्छ । किनकि वृहस्पतिले कफप्रकृतिलाई प्रतिनिधित्व गरेको हुन्छ ।

यसका साथै व्रतको आरम्भ पनि यो समयमा नगर्नू भनेर व्रतराजमा यसरी बताइएको छ –

अस्तगे च गुरौ शुक्रे बाले वृद्धे मलिम्लुचे ।
उद्यापनमुपारम्भं व्रतानां नैव कारयेत ॥ (व्रतराज, पृ. २) ।

यसरी अस्तको समयमा शास्त्रले निषेध गरेका कार्य प्रमादवश गरेमा अनिष्ट फल भोग्नुपर्ने कुरा मुहूर्त चिन्तामणिको पीयूषधारा टीकामा उल्लेख गरिएको छ ।

यसैगरी नित्य कर्म अन्तर्गत पर्ने श्राद्ध, वार्षिकी, लिदै आएका व्रत उपासना पनि रोकिदैनन् । यसैगरी नैमित्तिक कर्म अन्तर्गत आईपर्ने नामाकरण, और्ध्वदेहिक कर्म, अत्यावश्यक कर्म, ग्रहशान्ति, रोग शान्ति आदि कर्म गर्न सकिन्छ । शान्ति कर्मका निम्ति पनि छुट दिएको पाइन्छ ।

शान्तिकर्मणि कुर्वीत रोगे नैमित्तके तथा ।
गुरुभार्गवमौढ्येऽपि दोषस्तत्र न विद्यते ॥
सीमान्तजातकादीनिप्राशनान्तानियानि वै ।
न दोषो मलमासस्य मौढ्यस्य गुरुशुक्रयोः ॥

(मुहूर्त चिन्तामणि पीयूषधाराटीका)

यस वर्ष मिति २०८२ साल जेठ २९ गते विहिवार बेलुका ५:०७ बजेदेखि वृहस्पति पश्चिममा अस्त भएर २०८२ असार २२ गते आइतबार प्रातः ६:५३ बजे पूर्वमा उदय हुँदैछन् । यो समयमा हामीले गर्ने नियमित पूजा, पाठ, हवन, तर्पण, नित्य दान, न्वारन, पास्नी, श्राद्ध, मासिक अनवरत रूपमा गर्नु हुन्छ । अरू बिशेष कार्य जस्तो बिबाह, सप्ताह, नवाह, लाखबत्ती प्रज्वलन, उत्सव आदि कार्य भने गर्नु हुँदैन । नित्यकर्म, ग्रहशान्ति, नैमित्तिक कर्मअन्तर्गतका सीमन्तोन्नयन, जातकर्म, अन्नप्राशन, शान्तिकर्म, गयाश्राद्धादि कार्य बृहस्पति अस्त भए पनि गर्दा कुनै दोष नलाग्ने कुरा शास्त्रले बताएको पाइन्छ ।❖

–मुलपानी, काठमाडौं

श्रीरामकृष्ण तथा मायावाद

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

दक्षिणेश्वर मन्दिरमा मनमोहन, महिमा आदि विभिन्न भक्तहरूसँग

जाऔँ भाइ, आज फेरि उनको दर्शन गर्न जाँऔँ । उनै महापुरूष बालक–स्वरूपलाई हेरौँ, जो मातालाई सिवाय, अरू कोही कसैलाई जान्दैनन्, जो हाम्रा लागि नै शरीर धारण गरेर आएका छन् ।

उनैले नै बताउनेछन्, यस कठिन जीवनमा समस्याको हल कसरी हुनेछ । उनले संन्यासीलाई पनि भन्ने छन्, गृहस्थलाई पनि भन्ने छन्, उनको ढोका सबैका लागि खुला छ । उनी दक्षिणेश्वर काली मन्दिरमा हाम्रो प्रतिक्षा गरिरहेका छन् । जाऔँ गएर उनको दर्शन गरौँ ।

उनी अनन्त गुणका आधार छन्, प्रसन्नमूर्ति छन् । उनका कुरा सुनेर आँखाबाट आँसु झर्छन् ।

जाऔँ भाइ, उनी अहैतुक कृपासिन्धु छन्, प्रियदर्शन छन्, ईश्वरप्रेममा दिनरात मस्त रहने ती साहास्यमूर्ति श्रीरामकृष्णको दर्शन गरी हामी आज आफ्नो यस मनुष्य जन्मलाई सार्थक पारौँ ।

आज रविबार २६ अक्टोबर १८८४ । कात्तिक शुक्ल सप्तमी, हेमन्त काल छ । दिउँसोको दोस्रो पहर छ । श्रीरामकृष्ण आफ्नो कोठामा भक्तहरूसँगै बस्नुभएको छ । कोठासँगै पश्चिमपट्टिमा एउटा अर्धगोलाकार बरन्डा छ । बरन्डाभन्दा पश्चिमतर्फ बगैँचामा एउटा उत्तर–दक्षिण गएको बाटो छ ।

बाटोभन्दा पश्चिम फूलबारी छ र अझ पर पवित्र सलिला जान्हवी दक्षिण–वाहिनी भइरहेकी छिन् ।

भक्तहरूमध्ये निकै नै आएका छन् । आज आनन्दको बजार लागेको छ । आनन्दमय श्रीरामकृष्णको ईश्वरप्रेम भक्तहरूको मुख दर्पणमा प्रतिबिम्बित भएको छ । कस्तो आश्चर्य छ ! केवल भक्तहरूकै मुख दर्पणमा मात्र होइन, बाहिरको बगैँचामा, वृक्षपत्रहरूमा, फूलेका अनेक प्रकारका फूलहरूमा, विशाल भगीरथीको हृदयस्थलमा, सूर्यकिरणबाट दीप्तिमान् नीलिमामय नभमण्डलमा, भगवान् विष्णुका चरणदेखि छुटेकी गङ्गाजीका जलकण छोएर प्रवाहित भएको शीतल वायुमा यही आनन्द प्रतिभासित भइरहेको थियो ! कति आश्चर्यमय कुरा छ ! 'मधुवत् पार्थिव रजः’ साँच्ची नै उद्यानको धुलो पनि मधुमय देखिन्छ ।

इच्छा लाग्छ, गुप्त भावसँग अथवा भक्तहरूसँग नै यस धुलोमा लडीबडी खेलौँ । इच्छा लाग्छ, यस उद्यानको एकातर्फ उभिएर दिन भर यस मनोहारी गङ्गावारीको दर्शन गरिरहौँ । इच्छा हुन्छ, लता गुल्म र पत्र–पुष्पले भरपूर, हरियालीले सुशोभित वृक्षहरूलाई आफ्नै आत्मीय ठानी उनीसँग मधुर सम्भाषण गरौँ, उनलाई आलिङ्गन गरौँ, हृदयमा लगाऔँ । यसै धुलोमाथि भएर श्रीरामकृष्णको कोमल चरण बढ्छन् । यिनै वृक्षहरूको माझ भएर उहाँ सधैँ आउने जाने गर्नुहुन्छ । इच्छा जाग्छ, ज्योतिर्मय आकाशतर्फ एकटक लगाएर हेरिरहौँ, किनकि लाग्छ भूलोक र द्युलोक दुवै प्रेम र आनन्दमा तैरिरहेका छन् ।

श्रीठाकुर मन्दिरका पुजारी ढोके, परिचारक सबैलाई नजाने किन आफ्नै हुन् भन्न इच्छा लाग्छ, किन यो ठाउँ धेरै दिनपछि गएको जन्मभूमि जस्तै मधुर लागिरहेछ ? आकाश, गङ्गा, देवमन्दिर, उद्यानपथ, वृक्षलता, झाडी, सेवकगणहरू, आसनमा बसेका भक्तमण्डली सबै मानौँ एउटै वस्तुले बनाएको जस्तो लाग्छ । जुन चिजले श्रीरामकृष्णलाई बनाएको छ, लाग्छ यिनीहरू पनि त्यही चिजले बनाइएका हुन्, जस्तो मैनले बनाएको बगैँचामा रूख, हाँगाबिँगा, फूल,

फल सबै मैनका। बगैंचाको बाटो, बगैंचाको माली, बगैंचामा बस्नेहरू, बगैंचाभित्रको घर सबै थोक मैनका। यहाँका सबै कुरा मानौं आनन्दबाटै रचिएका हुन्।

श्रीमनमोहन, श्रीयुत महिमाचरण र मास्टर त्यहाँ बसेका थिए, क्रमशः ईशान, हृदय र हाजरा पनि आए। अरू पनि धेरै भक्तहरू बसेका थिए। बलराम र राखाल यस समयमा वृन्दावनमा थिए।

यसबखत केही नयाँ भक्तहरू पनि आउने-जाने गर्थे, नारायण, पल्टु, सानो नरेन्द्र, तेजचन्द्र, विनोद, हरिपद आदि। बाबुराम कहिले आएर यहीँ बस्ने गर्छन्। राम, सुरेन्द्र, केदार र देवेन्द्र आदि भक्तगण प्रायः आउँछन्, कोही एक हप्तापछि, कोही दुई हप्तापछि। लाटु यहीँ बस्छन्। योगीनको घर नजिकै छ, उनी प्रायः रोजै आउने-जाने गर्छन्। नरेन्द्र कहिलेकाहीँ आउँछन्, आउनासाथै आनन्दको मानौं हाट बजार लाग्छ। नरेन्द्र जब आफ्नो देवदुर्लभ कण्ठले ईश्वरको नाम-गुण गाउँछन्, तब श्रीरामकृष्णलाई अनेक प्रकारका भावावेश भइरहने गर्छ, समाधि लाग्छ, अनि मानौं एउटा उत्सव लाग्छ। श्रीरामकृष्णलाई ठूलो इच्छा छ कि केटाहरूमध्ये कोही उहाँसितै बसून्, किनकि तिनीहरू शुद्धात्मा हुन्छन्, संसारमा विषयादि बन्धनमा परेका हुँदैनन्। बाबुरामलाई श्रीरामकृष्ण बस्नका लागि भन्नुहुन्छ, उनी कहिलेकाहीँ बसी पनि हाल्छन्। श्रीयुत अधरसेन प्रायः आउने गर्छन्। कोठाभित्र भक्तगण बसेका छन्। श्रीरामकृष्ण बच्चा जस्तै उभिएर केही सोचिरहनुभएको छ, भक्तगण उहाँलाई नै एकटक हेरिरहेका छन्।

श्रीरामकृष्ण (मनमोहनसँग)- सबै राममय देखिरहेछु। तिमीहरू सबै बसेका छौ, देख्छु, सबै राम नै छन्, एक-एक अलग-अलग।

मनमोहन- राम नै सब भएका छन्, परन्तु हजुर जस्तो भन्नुहुन्छ नि आपो नारायण, जलनारायण हो तर कुनै जल पिइन्छ, कुनै जलले हातमुखसम्म धुन सकिन्छ अनि कुनै जलले भाँडा सफा गरिन्छ।

श्रीरामकृष्ण- हो, तर देख्छु उहाँ नै सबै कुरा हुनुहुन्छ। जीव-जगत् सबै उहाँनै हुनुभएको छ।

यति कुरा भन्दै श्रीरामकृष्ण आफ्नो सानो खाटमा गएर बस्नुभयो।

श्रीरामकृष्ण- (महिमाचरणसँग)- क्या हो, साँचो बोल्नुपर्छ, त्यसैले कतै मलाई शुचिता रोग त भएन ? यदि एकाएक भनिदिएँ, खान्न भनेर, तब भोक लागेपछि पनि खान मिलेन। यदि भनूँ, झाउतल्ला (झाडी-जङ्गल) जाँदा फलानोले मेरो लोटा लिएर जानु, तब कुनै अर्को मानिसले लगिदियो भने, उसलाई फर्काइदिनुपर्छ। यो के कुरा हुन लाग्यो भाइ ! यसको के कुनै उपाय छैन ?

सँगै केही पनि लैजाने शक्ति हुन्न। पान, मिठाई कुनै कुरा साथै लिएर बस्न सकिन्न। यस प्रकारले सञ्चय हुन्छ होइन ? हातले माटो पनि ल्याउन सक्दिनँ। यसैबखत कसैले आएर भन्यो, "महाराज, हृदय यदु मल्लिकको बगैंचामा फाटक नजिकै खडा छन्, हजुरसँग भेट गर्न चाहन्छन् रे !"

श्रीरामकृष्ण भक्तहरूसँग भन्दै हुनुहुन्छ, "हृदयसँग भेटेर आऊँ ? तिमीहरू बसिराख।" यति भनेपछि कालो रङ्गको चट्टी लगाएर पूर्वपट्टिको फाटकतर्फ लाग्नुभयो, साथमा मास्टर मात्र छन्।

रातो सुर्खी भएको बाटो छ। त्यसै बाटो भएर श्रीरामकृष्ण पूर्वतर्फ गइरहनु भएको छ। बाटोमा मन्दिरका खजान्ची थिए। उनले श्रीरामकृष्णलाई प्रणाम गरे। दाहिनेतर्फ आँगन पस्ने फाटक पार भयो, त्यहाँ लामा-लामा दाह्री भएका सिपाही बसेका थिए। बायाँतर्फ कोठी छ, बाबुहरू बस्ने बैठकखाना, पहिले यहाँ नील राख्ने कोठी थियो, यसैले यसलाई कोठी भन्छन्। यसभन्दा अगाडिको बाटोको दुवैतर्फ फूलका रूख छन्। अलि पर बाटोको बिलकुलै दक्षिणमा गाजी तला र काली मन्दिरको तलाउ छ, पक्की घाटका सिँढीहरू छन्। अझ अगाडि पूर्वपट्टिको ढोका आयो, त्यसको बायाँतर्फ पालेघर छ र दायाँतर्फ तुलसीको बारी। बगैंचाबाहिर आएपछि देखियो, यदुमल्लिकको कम्पाउन्डको फाटकको अगाडि हृदय उभिरहेको थियो।

हृदयको आगमन

(हृदय श्रीरामकृष्णको जन्मभूमि कामार पुकुरनजिकै सिहोड गाउँमा बस्थे। बीस वर्षसम्म लगातार श्रीरामकृष्णसँग रहेर उनले दक्षिणेश्वर काली मन्दिरमा कालीको पूजा गर्नुका साथै श्रीरामकृष्णको पनि सेवा गरेका थिए। पछि हाकिमहरूलाई मन नपर्ने कुनै काम गरिदिएकाले उनलाई काली मन्दिर बगैंचाभित्र आउन रोक

लगाइएको थियो । श्रीरामकृष्णकी फुपू हृदयकी हजुरआमा थिइन्, यसैले हृदय श्रीरामकृष्णका भान्जा पर्थे ।)

हृदय हात जोडेर उभिएका छन् । श्रीरामकृष्णले राजमार्गमा देख्नासाथै उनले साष्टाङ्ग प्रणाम गरे, दण्डवत् गरे, श्रीरामकृष्णले उनलाई उठ्न भन्नुभयो । हृदय हाथ जोड्दै बालकसरि रोइरहेका छन् ।

आश्चर्य- श्रीरामकृष्ण पनि रून लाग्नुभयो । आँखाबाट आँसुका थोपाहरू झरेका छन् । उहाँले हातले आँसु पुछ्नुभयो, आँसु आएकै छैन जस्तो । जो हृदयले उहाँलाई यति कष्ट दिएको थियो, उसैका लागि उहाँ दौडेर आउनुभयो र रून थाल्नुभयो ।

श्रीरामकृष्ण- यसबखत कसरी आयौ ?

हृदय (रूँदै)- हजुरलाई नै भेटौँ भनेर आएको छु । आफ्नो दुःख म अरू कसलाई भनूँ ?

श्रीरामकृष्ण (सान्तना दिँदै सहास्य)- संसारमा यस्तो दुःख लागिरहेको नै हुन्छ । संसारमा रहेपछि सुख र दुःख भई नै हाल्छन् । (मास्टरलाई देखाएर) यिनीहरू कहिले-कहिले यसैकारण आउँछन् । आएर ईश्वरका दुई-चार कुरा सुन्छन् र मनमा शान्ति पाउँछन् । तिमीलाई के कुराको दुःख छ ?

हृदय (रूँदै)- हजुरको सङ्गत छुटेको छ, यही दुःख हो ।

श्रीरामकृष्ण- तिमीले नै भनेका होइनौ, तिम्रो मनोभाव, विचार तिमीसँगै रहोस्, मेरो मसँगै ।

हृदय- हो, यस्तो भनेको त थिए, तर म यति के जानूँ ?

श्रीरामकृष्ण- आज, अब यहाँ यताकतै रहनु । भोलि बसेर हामी कुरा गरौँला । आज आइतबार हो, धेरै मनिसहरू आएका छन् । सबै बसिरहेका छन् । यसपालि गाउँमा धान कस्तो भयो ?

हृदय- हजुर एक प्रकारले पैदावार खराब भएन ।

श्रीरामकृष्ण- तँ आज जानु, कुनै अर्को दिन आउनु । हृदयले फेरि श्रीरामकृष्णलाई साष्टाङ्ग प्रणाम गरे । श्रीरामकृष्ण त्यही बाटो भएर फर्कनुभयो । साथमा मास्टर छन् ।

श्रीरामकृष्ण- (मास्टरसँग) यसले मेरो सेवा जति गरेको छ, मलाई उत्तिकै कष्ट पनि दिएको छ । जब पेटको बिमारीले मेरो देहमा हाड-छाला मात्र बाँकी थियो, केही खानै हुँदैनथ्यो, त्यसबखत यसले मलाई भन्थ्यो, "यी हेर, म कसरी खान्छु आफ्नै स्वभावले तिमी खान सक्दैनौ ।" अनि फेरि भन्थ्यो, "अक्कलको दुस्मन ! म नहुँदो हुँ त तिम्रो साधुगिरी उहिल्यै जान्थ्यो ।" एक दिन त यसले यति कष्ट दियो कि घाटको भकारीबाट ज्वारभाटा आएको गङ्गामा प्राण छोड्न हाम फाल्नै लागेको थिएँ ।

मास्टर यी सबै सुनेर अवाक् भए । सोच्न लागे यही मानिसका लागि पनि केही बेरअगाडि उहाँ रोइरहनुभएको थियो ।

श्रीरामकृष्ण (मास्टरसँग)- अँ, यति विधि सेवा गर्थ्यो, फेरि उसलाई किन यस्तो भयो ? जसरी मानिस आफ्नो बच्चाको हेरचाह गर्छ, त्यसै गरी यसले मेरो हेरचाह गरेको थियो । म दिनरात बेहोसी हालतमा हुन्थेँ, त्यसमाथि धेरै दिनसम्म बिरामी परेँ । उसले मलाई जुन प्रकारले राख्थ्यो, त्यसै गरिरहन्थेँ ।

मास्टर के भन्थे, चुप थिए । उनी सायद सोचिरहेका थिए, हृदयले निष्काम भावले श्रीरामकृष्णको सेवा गरेनन् । कुराकानी गर्दै-गर्दै श्रीरामकृष्ण आफ्नो कोठामा आउनुभयो । भक्तगण पर्खिरहेका थिए । श्रीरामकृष्ण फेरि आफ्नो सानो खाटमा बस्नुभयो । क्रमशः

अनुवादक- प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रीरामकृष्णवचनामृतबाट अनुदित

श्रीरामकृष्णवचनसुधा

नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण



श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला-

श्रीरामकृष्ण आश्रम, नेपाल

ज्ञानेश्वर काठमाडौं,

मो. ९८६२५९६५७२

२८ व्यासहरूको वर्णन



– मोहनप्रसाद आचार्य

द्वापर युगमा अनेकन ऋषि मुनिहरूको साथै 'वेद व्यास' पनि देखा पर्दछन् । यी वेदव्यासलाई सत्यवती नन्दन, परासर सुत, कृष्ण द्वैपायन व्यास भनेर चिनिन्छ । श्रीमद्भागवतमा भने द्वैपायन व्यासका नामले चिनिन्छ । ब्रह्मपुराणमा स्वयम् भगवान् नारायणले व्यासको रूपबाट अर्थात् नारायण आफ्नै कलाबाट पहिलो द्वापरदेखि २० सौं द्वापरसम्म अवतिर्ण भई विभिन्न पुराणको रचना गरेका हुन् भनेर वार्णन गरिएको पाइन्छ ।

विस्ताराय च वेदानां स्वयं नारायणः प्रभुः ।
व्यासरूपेण कृतवान पुराणानि महितले ॥ (ब्रह्मपुराण १११५)

द्वापरको समयलाई पुराणकाल भरेर भन्न सकिन्छ । यो समय अनेकानेक अति विद्वान् ज्ञानी ऋषिहरूको उदय भएको देखिन्छ । यिनै ऋषिहरूलाई हाम्रो धर्म ग्रन्थले अर्थात् पुराणहरूले ५ प्रकारका ऋषिहरू थिए भनेर वर्णन गरेको छ । ती ५ प्रकारका ऋषिहरूमा–

१. अव्य आत्मा– प्रकृतिको खोजिगर्ने ऋषिहरू,

२. महानात्मा– महतत्त्वको खोजिगर्ने ऋषिहरू,

३. अहंकारात्मा– अहंकारको खोजिगर्ने ऋषिहरू,

४.भूतात्मा– पञ्चमहाभूत, पञ्चतन्मात्राको खोजिगर्ने ऋषिहरू,

५. इन्द्रियात्मा– इन्द्रिय तत्त्वको खोजिगर्ने ऋषिहरू थिए ।

यी र यस्ता ऋषिहरू मध्येमा लोक पितामह ब्रह्माजीको मानसपुत्रको रूपमा आएका ऋषिहरूमा भृगु, अत्रि, अङ्गिरा, पुलह, ऋतु, मनु, दक्ष, वसिष्ठ तथा पुलस्त्य पर्न आउँछन् । यी ऋषिहरूलाई ब्रह्मर्षि, देवर्षि र राजर्षि भनी पुराणहरूमा उल्लेख गरिएको पाइन्छ । खास गरी यी तीन प्रकारका ऋषिहरूको नै बढी चर्चा भएको पाइन्छ पनि । आफ्नो तपोबलको प्रभावबाट अर्थात् तपस्याबाट ऋषि भै ख्याति आर्जन गर्नेहरूमा वृहस्पति, शुक्राचार्य, कश्यप, च्यवन, उतथ्य, वामदेव, अपास्य, उसिज, कर्दम, विश्रवा, शक्ति, वालखिल्य, आर्वत आदिको नाम अग्रणी स्थानमा आउँछ । ऋषि र ऋषिपत्नीको गर्भबाट जन्मिएका छोराहरूलाई पनि ऋषि नै भनिन्छ ।

ऋषि वंशावलीमा यस प्रकारका असंख्य ऋषिहरूको साथै गोत्र पनि पर्न आउँछन् । माथि वर्णित पाँच प्रकारका विभिन ऋषिहरू मध्येबाट द्वापरका विभिन्न समयमा व्यास भएका थिए भन्न सकिन्छ । द्वापर युगका २८ व्यासहरूको वर्णन भएकोले यहाँ प्रथम द्वापरदेखि अट्ठाइसौ द्वापरसम्म भएका व्यासहरूको वर्णन गरिनेछ । कूर्म पुराणको पूर्व विभागको ५० औं अध्यायमा वर्णन भएका २८ व्यासहरूको र ब्रह्माण्ड पुराणको ३५ औं अध्याय ११३–१२९ श्लोक र देवी भागवत अध्याय ३ को श्लोक २६–३३ सम्म, त्यसैगरी विष्णुपुराण तृतीय अंश अध्याय ३ को श्लोक ११ देखि २१ श्लोकसम्म उल्लेख भएका व्यासहरूको बारेमा चर्चा गरिएको छ ।



विभिन्न पुराणहरूमा व्यासहरू को को हुन् ?

कूर्मपुराणका आधारमा

१. प्रथमद्वापर- स्वयंभुव मनु ।
२ द्वितीय- प्रजापति
३. तृतीय- शुक्राचार्य
४. चतुर्थ- वृहस्पति
५. पञ्चम- सूर्य
६. छैटौं- मृत्यु
७. सातौं- इन्द्र
८. आठौं- वशिष्ठ
९. नवौं- सारस्वत
१०. दशौं- त्रिधामा
११. एघारौं- त्रिवृष
१२. बाह्रौं- शततेजा
१३. तेह्रौं- धर्म
१४. चौधौं- तरक्षु
१५. पन्ध्रौं- त्र्यारुणि
१६. सोह्रौं- धनञ्जय
१७. सत्रौं- कृतञ्जय
१८. अठारौं- ऋतञ्जय
१९. उन्नाइसौं- भरतद्वाज
२०. बीसौं- गौतम
२१. एक्काइसौं- राजश्रवा
२२. बाइसौं- शुष्मायण
२३. तेइसौं- तृणविन्दु
२४. चौवीसौं- वाल्मीकि
२५. पच्चीसौं- शक्ति
२६. छब्बीसौं- परासर
२७. सत्ताइसौं- जातुकर्ण
२८. अठ्ठाइसौं- कृष्णद्वैपायन

ब्रह्माण्डपुराणका आधारमा

१. प्रथमद्वापर- द्वैपायन व्यास ।
२ द्वितीय- प्रजापति
३. तृतीय- उसना
४. चतुर्थ- वृहस्पति
५. पञ्चम- मृत्यु
६. छैटौं- प्रभु
७. सातौं- इन्द्र
८. आठौं- वशिष्ठ
९. नवौं- सारस्वत
१०. दशौं- त्रिधामा
११. एघारौं- त्रिवृष (त्रिवर्षा)
१२. बाह्रौं- सनद्वाज
१३. तेह्रौं- अन्तरिक्ष
१४. चौधौं- धर्म
१५. पन्ध्रौं- त्रैयारुणि (त्र्यारुणि)
१६. सोह्रौं- धनञ्जय
१७. सत्रौं- कृतञ्जय
१८. अठारौं- ऋजिष
१९. उन्नाइसौं- भरतद्वाज
२०. बीसौं- गौतम
२१. एक्काइसौं- उत्तम
२२. बाइसौं- हर्यवन
२३. तेइसौं- वेन
२४. चौवीसौं- वाजश्रवा (अर्वाक)
२५. पच्चीसौं- तृणविन्दु
२६. छब्बीसौं- शक्ति
२७. सत्ताइसौं- परासर
२८. अठ्ठाइसौं- जातुकर्ण

देवीभागवत्का आधारमा

१. प्रथमद्वापर- ब्रह्माजी
२ द्वितीय- प्रजापति
३. तृतीय- शुक्राचार्य
४. चतुर्थ- वृहस्पति
५. पञ्चम- सूर्य
६. छैटौं- यमराज
७. सातौं- इन्द्र
८. आठौं- वशिष्ठ
९. नवौं- सारस्वत
१०. दशौं- त्रिधामा
११. एघारौं- त्रिवृष
१२. बाह्रौं- भरद्वाज
१३. तेह्रौं- अन्तरिक्ष
१४. चौधौं- धर्मराज
१५. पन्ध्रौं- त्रैयारुणि
१६. सोह्रौं- धनञ्जय
१७. सत्रौं- मेधातिथि
१८. अठारौं- ब्रतिमुनि
१९. उन्नाइसौं- अत्रि
२०. बीसौं- गौतम
२१. एक्काइसौं- ह्यरिमा उत्तम
२२. बाइसौं- वाजश्रवा (वेन)
२३. तेइसौं- आयुव्यायण सोम
२४. चौवीसौं- तृणविन्दु
२५. पच्चीसौं- भार्गव
२६. छब्बीसौं- शक्ति
२७. सत्ताइसौं- जातुकर्ण
२८. अठ्ठाइसौं- कृष्णद्वैपायन व्यास

विष्णुपुराण

१. प्रथमद्वापर- ब्रह्माजी
२ द्वितीय- प्रजापति
३. तृतीय- शुक्राचार्य
४. चतुर्थ- वृहस्पति
५. पञ्चम- सूर्य
६. छैटौं- मृत्युदेव
७. सातौं- इन्द्र
८. आठौं- वशिष्ठ
९. नवौं- सारस्वत
१०. दशौं- त्रिधामा
११. एघारौं- त्रिशिख
१२. बाह्रौं- भरतद्वाज
१३. तेह्रौं- अन्तरिक्ष
१४. चौधौं- वर्णी
१५. पन्ध्रौं- त्रय्यारूण
१६. सोह्रौं- धनञ्जय
१७. सत्रौं- ऋतुञ्जय
१८. अठारौं- जय
१९. उन्नाइसौं- भरतद्वाज (दोश्रो पटक)
२०. बीसौं- गौतम
२१. एक्काइसौं- हर्यात्मा
२२. बाइसौं- वाजश्रवा
२३. तेइसौं- तृणविन्दु
२४. चौवीसौं- ऋक्ष (वाल्मीकि)
२५. पच्चीसौं- शक्ति
२६. छब्बीसौं- परासर
२७. सत्ताइसौं- जातुकर्ण
२८. अठ्ठाइसौं- कृष्णद्वैपायन व्यास ।

कूर्म पुराणलाई तामसी पुराण र ब्रह्माण्ड पुराणलाई राजसी पुराणको रूपमा गणनामा राखेको पाइन्छ । कूर्म पुराणमा उल्लेख भएका २८ व्यासहरू र ब्रह्माण्डपुराणमा उल्लेख भएका २८ व्यासहरू र देवी भागवतमा उल्लेख भएका २८ व्यासहरूमध्ये केही व्यक्ति व्यासहरूको नाममा फरकपन देखिन्छ । पुराणहरूका रचनाकार स्वयम्भू भगवान् नारायण नै हुन् भन्ने कुरा श्रीमद्भागवत द्वितीय स्कन्ध अध्याय ९ बाट बुझिन्छ । त्यसै गरेर आनन्द रामायणको यात्राकाण्ड सँगै अध्याय २ बाट पनि बुझ्न सकिन्छ । पुराणहरूको प्रवचनकर्ता (प्रचारक) वेदका व्यवस्थापक

भने महर्षि व्यास हुन् भन्न सकिन्छ । महर्षि वेद व्यासद्वारा प्रथम आफ्नो प्रमुख शिष्य रोमहर्षणलाई अध्यापन गराएको बुझिन्छ । यिनै रोमहर्षण सुतजीले नैमिसारण्य क्षेत्रबाट सबै १८ पुराण, १८ उपपुराणको साथै १०८ औपपुराणको प्रचार प्रसार गरेको देखिन्छ ।

सबै पुराणहरू, ब्रह्मसूत्र, चारै वेद र यसको वर्गीकरण एकै व्यक्ति द्वैपायन(व्यास)बाट लेखिन सम्भव पनि थिएन । अतः यी पुराण तथा वेद, शास्त्रहरू द्वैपायन व्यास कै अनुकरणमा बाँकी २७ ऋषिश्वरहरूमध्येबाट लेखिएको हुनसक्तछ । माथि उल्लिखित २७ ऋषिहरूमध्ये जसले जसले पुराण तथा अन्य ग्रन्थहरू लेखे, त्यसमा आफ्नो नाम अंकित नगरी द्वैपायन व्यास नै राखे । विभिन्न काल तथा समयमा क्रमशः पुराणहरूको रचना हुँदैगएको बुझिन्छ ।

२८ औं द्वापरमा आएर परासर पुत्र कृष्ण द्वैपायन व्यास भएको र यिनैलाई चारैवेद, सम्पूर्ण पुराणहरूका प्रदर्शक निर्माणकर्ताको रूपमा मानिन्छ । कृष्ण द्वैपायन व्यास जसलाई भगवान् कृष्ण अर्थात् हरिको अंश भनेर मानिन्छ । यस्ता द्वैपायन व्यासले माता पार्वती सहित त्रिलोचन भगवान् शङ्करको तप तथा आराधना गरे । आराधनावाट खुशी भएका शङ्करले वेदविभाजन गर्ने सल्लाहका साथ वरदान दिनुभएको भन्ने बुझिन्छ । यसरी वेदव्यासले जैमिनी, सुमन्तु, वैशम्पायन र पेललाई आफ्नो प्रमुख शिष्य बनाई वेद वर्गीकरण गरी एक-एक वेदको जिम्मा दिए । पाँचौं शिष्यको रूपमा रोमहर्षण सूतलाई शिष्य बनाए । सूतको साथमा आफ्नो पुत्र शुकदेवलाई भागवतको ज्ञान दिए । परासर पुत्र महामुनि वेदव्यास नै एकमात्र अविनासी भगवान्को तत्त्व जान्ने बुझ्ने ऋषिको रूपमा देखा परेको मान्न सकिन्छ ।❖

-चाँगुनारायण नगरपालिका- ३, भौखेल, भक्तपुर

सन्दर्भ सामग्रीः-

१ ब्रह्माण्ड पुराण चौखम्वा प्रकाशन- २०१४
२. नेपाली बद्री पोखेल - २०७८
३. श्री मद्भागवत- गीताप्रेस
४ आनन्द रामायण- गीताप्रेस
५. देवी भागवत- गीताप्रेस

खानेपानी तथा ढल व्यवस्थापन विभागबाट जनहितका लागि जारी सन्देशहरू :

❖ सबैका लागि सधैंका लागि खानेपानी भन्ने नारालाई आत्मसाथ गर्दै पानीको मितव्ययी प्रयोग गरी भावी सन्ततिका लागि खानेपानीका स्रोतहरू जोगाऔं ।

❖ पानीका स्रोतहरू सुख्खा हुने समस्यालाई समाधान गर्न वर्षातको पानी सक्तलन गरी भूमिगत पानीको स्तर बढाऔं ।

❖ फोहोर पानीबाट सर्ने रोगहरू रोक्न साथै गुणस्तर र शुद्ध खानेपानीको उपलब्धता र पहुँचमा वृद्धि गर्न पानी सुद्धिक(ारणका उपायहरू जस्तै क्लोरिनेसन, पियुस, पानी उमालेर पिउने वा फिल्टर आदिको प्रयोग गरौ ।

❖ सरसफाइमा हाम्रो सानो प्रयासले समाजका लागि ठूलो योगदान पुर्याउने भएकाले खोलानालाहरूमा फोहोर र ढलको निकास रोकौं र पानी प्रदूषण कम गरी स्वस्थ वातावरण बनाउनमा एकजुट हौं ।

❖ खानेपानी र ढल व्यवस्थापन सबैको जिम्मेवारी भएको हुँदा खानेपानी र ससफाई सम्बन्धि सरकारद्वारा लागू नीति र योजना कार्यान्वयनमा हातेमालो गर्दै सहयोग गरौं ।

नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
पानीपोखरी, काठमाडौं

देव हयग्रीव र दानव हयग्रीव

– सहप्रा. डा. विनु बाबा अर्याल

नमामी देवं नरनाथ मच्युतम्, नारायणं लोक कुरुं सनातनम्
अनादि भव्यक्तमचिन्त्यभव्यम्, वेदान्तवेधं पुरुषोत्तमं हरिम् ॥

हाम्रो सनातन धर्म अन्तर्गत प्रचलित सम्प्रदायहरूमा देवताहरूको सङ्ख्या धेरै छ । ती अन्तर्गत जसलाई प्रमुख देवता माने पनि सबै धार्मिक सम्प्रदायहरूको अन्तिम उद्देश्य एउटै हो; मान्छेलाई आध्यात्मिक मार्गतिर डोऱ्याउने र ईश्वरीय आनन्दको लक्ष्यमा पुग्न प्रेरित गर्ने ।

त्यो ईश्वर एक नै हो, त्यो परमात्मा एक नै हो । तर त्यही एकको तीन संज्ञा छ । ब्रह्मा, विष्णु र महेश । यो उनै एक ईश्वर या परमात्माको तीन संज्ञा अर्थात् नाम हुन्, यो सबैको एक नै रूप हो । त्यसमा केही भेद नै छैन । भेद भन्नाले बन्धन हुन्छ भन्ने कुरा शिवपुराणमा आफै महेश्वरको वचन छ ।

अहं भवानयं चैव रुद्रोऽयं यो भविष्यति
एकं रूपं नभेऽस्ति भेदे च बन्दनं भवेत । (२/१/९/२८,३८)

श्रीमद्भागवतमा स्वयं भगवान्को वचन छ 'हामी ब्रह्मा र शिव संसारको परम कारण छौं । हामी सबैको आत्मा ईश्वर साक्षी स्वयं प्रकाश र निर्विशेष छौं । हे ब्राह्मण ! म विष्णु आफ्नो त्रिगुणमयी मायामा प्रवेश गरेर संसारको सृष्टि रक्षा तथा प्रलय गरेर भिन्दा भिन्दै कार्यहरू अनुसार नाम धारण गर्छौं ।'

ब्रह्म सत्य हो सधैँ रहन्छ, छ पनि । सधैं रहेपछि त्यो ज्ञानमय चैतन्य र आनन्द स्वरूप हो । उसको आफ्नो शरीर छैन तर विनाशमान शरीरमा प्रवेश गरेर संसारको लीला गर्दछ, पूर्ण हो उसको आदि छैन अन्त्य छैन । ऊ नित्य छ, अद्वितीय छ, एक भएर पनि अनेक रूपमा देखिन्छ । हाम्रो धर्म ग्रन्थहरूले सम्पूर्ण चराचर जगत्लाई ब्रह्मको 'वैवर्वर्तन' रूप मानेका छन् ।

शरीरका तीन भेद छन्; स्थूल, सूक्ष्म र कारण । जुन देखिन्छ, त्यो स्थूल हो, जुन मर्दा सँगै जान्छ, त्यो सूक्ष्म हो र महाप्रलयको बखत जुन मायामा लय हुन्छ, त्यो कारण हो । शरीरका यी तीन भेद सधैँ नै देखिन्छन् । जगत्मा स्थूल शरीर काम गर्दछ । सपनामा सूक्ष्म र सुसुप्तिमा कारण देह रहन्छ । यस्तै प्रकार परमात्माका पनि तीन स्वरूप मानिन्छ । महाप्रलयमा रहने परमात्माको कारण स्वरूप हो । सारा विश्व उसैमा लय भएर रहन्छ । त्यसैबेला खाली परमेश्वर र उनको प्रकृति या माया मात्र रहन्छ । सारा जीव प्रकृतिभित्र लय हुन्छन् । जीवमा पनि प्रकृति पुरूष दुवैको अंश हुन्छ । चेतन परमात्माको अंश हो र अज्ञान प्रकृतिको । मायाको कारणले गर्दा महाप्रलयमा पनि जीव मुक्त रहँदैन । यसपछि सृष्टिको आदिमा फेरि सुतेर ब्युझेझैँ आ-आफ्नो कर्म अनुसार नानारूपमा ब्युँझन्छ । यस प्रकार महाप्रलयमा परमात्माको रूपलाई कारण भन्न सकिन्छ ।

परमात्मा सूक्ष्म रूपले सबै ठाउँमा रहन्छन् । यसैको नाम आदि पुरूष हो । सृष्टिको आदि कारण यही हो यिनको नाम पुरूषोत्तम हो । सृष्टिकर्ता ईश्वर हो । परमात्मा स्थूल रूपले शंख, चक्र, गदा, पद्म धारण गर्ने भगवान् विष्णु हुन् । उनै शिव हुन् र उनै ब्रह्मा हुन् । जो सधैँ नित्य धाममा बस्दछन् । उनी भक्तको भावना अनुसार नै भगवान् बन्दछन् । यो सारा ब्रह्माण्ड परमात्माको शरीर हो । यसैभित्र हाम्रो शरीर छ, हामी सबै परमात्माको पेटमा नै छौं । उनै परमात्मा मायालाई आफ्नो अधिनमा राखेर प्रादुर्भूत हुनुहुन्छ, समयसमयमा अवतार लिनुहुन्छ । जसरी अवतार हुन्छ, उसरी नै सृष्टिको आदिमा पनि मायालाई अधिनमा राखेर भगवान् प्रकट हुनुहुन्छ । यिनैको नाम विष्णु हो । यिनी आदि पुरूष विष्णु सर्वगुण सम्पन्न छन् । सत्व गुणका मूर्ति हुन् । सात्विक तेज प्रभाव सामर्थ्य विभूति आदिले

विभूषित छन् । दैवी सम्पदाको गुण नै सत्वगुण हो । शुद्ध तत्त्व नै उनको स्वरूप हो । मायालाई लिएर समयसमयमा अवतार लिन्छन् । उनी सर्वगुण सम्पन्न छन् । यसैले यद्यपि त्यो शुद्ध सत्व गुण रूप सगुण साकार परमात्मा रज र तम वास्तवमा रहँदैन । तथापि उनी रज तमको कार्य गर्न सक्दछन् । न्यायकारी हुनाले उनी यथासक्य दुष्ट दमन आदि कार्य गर्दछन् । त्यसैको सिलसिलामा विष्णु पुराणमा बताइएअनुसार यो जगत्को निर्लेप तथा निर्गुण आत्मालाई विष्णुले कौस्तुवमणिको रूपमा धारण गर्नुहुन्छ । पृथ्वी, जल, वायु, अग्नि र प्रकाशरुपी पञ्च महाभूत रूपी मणिमाणिक्यले विभूषित अर्थात् सजिएका बैजन्ती मालाले युक्त भएका भगवान् विष्णुले माथितिरको बायाँ हातमा शङ्ख, माथितिरको दायाँ हातमा चक्र, तलतिरको बायाँ हातमा कमल र तलतिरको दायाँ हातमा गदा धारण गर्नुभएको छ । अनन्त शक्तिलाई श्रीवत्सवका रूपमा श्रीलाई गदाका रूपमा यज्ञ पवित (जनै) प्रणवको रूपमा, धनुष अहंकारको रूपमा पाँच ज्ञानेन्द्रियहरू, पाँच कर्मेन्द्रिय रुपी बाण र ज्ञानरूपी खड्क धारण गर्नुहुन्छ । उहाँको बाहन गरूड हो, जसले सर्पलाई खान्छ । सर्प तमोगुणको प्रतीक हो । उहाँको शक्तिले निरन्तर तमोगुणलाई नाश गर्दछ । उहाँ क्षीर सागरमा निवास गर्नुहुन्छ । विश्वको पालनपोषणको जिम्मेवारी उहाँमा नै रहेको छ, हुन्छ । उहाँ नै हुनुहुन्छ जो समुद्र मथन जस्तो कल्याणकारी योजनाहरूमा संलग्न हुनुहुन्छ । परिश्रम पुरूषार्थ गर्नुहुन्छ । मोहिनी रूपबाट नै देवताहरूलाई अमृत बाँडेर अधिकारीहरूलाई नै अधिकार दिलाउनुहुन्छ ।

उनै भगवान् विष्णुका लीलामा यो संसार स्थित छ । उहाँले पृथ्वीमा परेको संकट हरण गर्नका लागि लिएको २४ अवतारहरूमा १. सनकादी अवतार २. बराह अवतार ३. नारद अवतार ४. नारायण अवतार ५. कपिलदेव अवतार ६. दत्तात्रेय अवतार ७. यज्ञ पुरुष अवतार ८. ऋषवदेव अवतार ९. पृथु अवतार १०. मत्स्य अवतार ११ कच्छप अवतार १२. धन्वन्तरी अवतार १३. मोहिनी अवतार १४. नरसिंह अवतार १५. वामन अवतार १६. परशुराम अवतार १७. वेदव्यास अवतार १८. श्रीराम अवतार १९. श्रीकृष्ण अवतार २०. श्री बलराम अवतार २१. हंसावतार २२. ह्यग्रव अवतार २३. बुद्ध अवतार र २४. कल्की अवतार ।

यी माथि दिइएका २४ अवतारहरूमध्ये श्रीमद्‌देवी भागवत महापुराण प्रथम स्कन्दको पाँचौं अध्यायमा उल्लेख भए अनुसार हयग्रीव अवताको प्रसंगमा भगवान् विष्णुको कथा वर्णन गरिएको पाइन्छ ।

सर्वपालक जनार्दन भगवान् विष्णुको पनि शिर काटिएकोमा सौनकादी ऋषिगुणहरूलाई अचम्म लाग्यो । वेदले पनि स्तुति गर्ने समस्त देवताहरूको आश्रयदाता जो आदिदेव हुनुहुन्छ, जगतको स्वामी हुनुहुन्छ, त्यस्तो भगवान् विष्णुको शिर काटिनाको कारण सोध्दा सुतजी बताउनुहुन्छ–

वेदोऽपि स्तौति यं देव देवाः सर्वे यदाश्रयाः ।
आदिदेवो जगन्नाथः सर्वकारणकारणः ॥३॥
तस्यापि वदनं छिन्नं दैव योगात्कथं तदा ।
तत्सर्वं कथयाशु त्वं विस्तरेण महामते ॥४॥

कुनै समयमा सनातनी देव विष्णु दश हजार वर्षसम्म भीषण युद्ध गरेर अत्यन्त थाकेकोले समथर तथा शुभ स्थानमा आफ्नो प्रत्यंचा चढाएको धनुषमाथि गर्दनलाई राखेर धनुषको टुप्पोलाई भार दिएर लक्ष्मीपति भगवान् निदाउनुभयो । थाकेको हुनाले उहाँ गहिरो निद्रामा पर्नुभयो ।

यता केही समयपछि ब्रह्मा, शिव तथा इन्द्र सहित सबै देवताहरू यज्ञ गर्न लालयित भएर यज्ञका अधिपति भगवान् विष्णुको दर्शन गर्न यज्ञलाई सफल बनाउन बैकुण्ठ लोक जानुभयो । त्यहाँ भगवान विष्णुलाई नदेखेर भगवान् शङ्करले ध्यान दृष्टिले हेर्दा विष्णु भगवान् योग निद्रामा हुनुहुँदो रहेछ, भगवान्लाई अब कसरी बिउँझाउने ? उहाँ नभई त यज्ञ हुँदैन निद्राबाट त कसैलाई पनि बिउँझाउनु हुँदैन ।

तमुवाच तथा शम्भु र्निद्राभङ्गेऽस्ति दूषणम् ।
कार्यं चैव प्रकर्तव्य यज्ञस्य सुरसत्तमा ॥१५॥

भगवान्लाई नबिउँझाई त भएन भनेर ब्रह्माले धमिराको सिर्जना गर्नुभयो र धमिरालाई सिर्जना गरिसकेपछि उसलाई 'धनुषको अगाडिको भागलाई खाइदेऊ, त्यो धनुष तल झर्छ, तब भगवान्को निद्रा भङ्ग हुन्छ' भन्नुभयो । यो सुनेर धमिरोले निद्रा भङ्ग गर्न चाहेन; किनकि निद्रा भङ्गा गर्दा त ब्रह्महत्या लाग्दछ–

निद्राभङ्ग कथाच्छेदो दम्पत्यो प्रीतिभेदनम्

शिशु मातृ विभेदश्च ब्रह्महत्यासमं स्मृतम् ॥ २०॥

यदि यो विचार नगरी मैले यस्तो काम गरे भने वरदान पाउछु त ? ब्रह्माले भन्नुभयो 'कि यज्ञ गर्दा यज्ञभित्रको अन्न होइन यज्ञ बाहिरको अन्नमा तिम्रो अधिकार हुन्छ' म यही बरदान दिन्छु ।

यो सुनेर धमिराले धनुषलाई खान थाल्यो । धनुषबाट ताँदो हट्यो । त्यसपछि सम्पूर्ण पृथ्वी नै डगमगायो । हावाहुरी आयो । सूर्य पनि अस्ताउन लाग्यो । सारा देवताहरू अब आउने दुर्दिनबाट डराउन थाले । त्यत्तिकैमा भगवान् विष्णुको किरिट कुण्डल सहित शिर काटिएर उड्यो । विष्णुको विना शिरको शरीर भयो ।

एवं चिन्तायतां तेसां मुर्धा विष्णोः सकुण्डल
गतः समूकुटः क्वापि देवदेवस्य तापसा ॥३०॥
अन्धकारे तथा घोरे शान्ते ब्रह्महरौ तथा ।
शिरोहिनं शरीरं तु ददृशति विलक्षणम् ॥३१॥

शिरविहीन विष्णुलाई देखेर सारा देवताहरू दुःखी भएर स्तुति गर्न थाले । ब्रह्माले पनि 'यो शिरलाई राख्नको लागि देवीको यानी विद्यादेवीको स्तुति गर्नुपर्दछ । उनले यो दुःखबाट पार लगाउँछिन् तिनै देवीको स्तुति गरौं भनेर भनेपछि सारा देवताहरू देवीको स्तुति गर्न लागे-

त्व भूमिः सार्वभूतानां प्राणा प्राण बतां तथा ।
धीः श्रीः कान्तिः क्षमा शान्तिः श्रद्धा मेधा धृति स्मृतिः ॥५४॥

देवी प्रसन्न भएर भन्नुभयो कि विष्णुको शिर काटिनुमा कारण छ । विना कारण केही हुँदैन । एकपटक उहाँसँगै बसेकी सागरपुत्री लक्ष्मीको मुख हेरेर विष्णु हाँस्नुभएको थियो । विना कामको हाँसोबाट देवी रिसाउनु भयो । उहाँले रिसाएर तपाईंको पनि शिर काटिने छ भनेर श्राप दिनुभएको थियो ।

यता सारा देवताहरूले उहाँलाई गरेको स्तुतिबाट प्रशन्न भएर भगवान् विष्णुको शिर पहिलाको जस्तै बनाइदिन्छु भन्नुभयो । त्यो शिर त लवण सागरमा डुबिसक्यो ।

सशीर्षं वासुदेवमं तं करोम्यद्य यथा पुरा ।
शिरोऽस्य सापयोगेन निमग्नं लवणाम्बुधौ ॥८४॥

देवीले फेरि भन्नुभयो कि हे श्रेष्ठ देवताहरू हो ! यस्तो घटना घट्नुमा अर्को कारण पनि छ, पृथ्वीकालमा महावायु एवम् अतिप्रसिद्ध हयग्रीव नाम गरेको एउटा दानव थियो । जसले सरस्वती नदीको किनारमा बसेर एक हजार वर्षसम्म मेरो कठोर तपस्या गर्‍यो । मैले उसलाई के वरदान माग्दछौ माग भन्दा त्यस दानव हयग्रीवले कहिले पनि मृत्यु नहुने अमर रहने वरदान माग्यो । त्यस्तो कुरा सुनेर देवीले लोकमा स्थापित मर्यादाको उल्लङ्घन गर्न त सम्भव छैन । मृत्यु अवश्यमभावी जानेर अर्को वरदान माग्न भन्दा हयग्रीवले उसको मृत्यु हयग्रीवबाट नै होस् भनी वरदान माग्यो । उसको त्यो इच्छालाई जानेर देवीले अतिरिक्त तिम्रो मृत्यु अरूबाट हुँदैन । अब सुखपूर्वक शासन गर भनी वरदान दिइ देवी अन्तर्ध्यान हुनुभयो । त्यस दुष्ट आत्मा हयग्रीवले सारा मुनिजनहरूलाई दुःख दिने, वेदको अपमान गर्ने, सारा जनताहरूलाई दुःख दिने जस्ता दुष्कर्म गर्न थाल्यो । तत्पश्चात देवताहरूको कल्याणको लागि त्यस पापी अत्यन्त क्रुर दानवी स्वभावको अन्त्य गर्न देवीलाई पुकार गरे । देवीले विष्णुको घाँटीमा घोडाको शिर जोडिदिनुभयो भने भगवान् हयग्रीव नै दानव हयग्रीवलाई नष्ट गर्न सक्षम हुनुभयो ।

सुतजी सौनकादी ऋषिहरूलाई भन्नुहुन्छ कि, देवताहरूको यस्तो कुरा सुनेपछि तत्काल ब्रह्माले विश्वकर्मालाई शिर निर्माण गरिदिन अनुरोध गर्नुभयो । विश्वकर्माले यज्ञ भाग दिनुहोस् शिर ल्याइदिन्छु भने । देवताहरूले सो सोम यज्ञ भाग दिने कबुल गरे । सूर्य घोडा रोकेर शिर लिने दिन हिँडेका बेलामा सूर्यको रथको घोडाको टाउको काटेर विश्वकर्माले विष्णुको घाँटीमा जोडीदिएकाले भगवान् हयग्रीव बनेको हो ।

हयग्रीवको रूप भगवान्लाई आफ्नो अगाडि देखेर सबैले स्तुति गरे । साथै सबै घटना सुनाएर क्षमा पनि मागे । भगवान्ले भन्नुभयो म रौद्र रूपको भएको हुँ । विरूप भएको छैन । तपाईहरूलाई कुनै दोष लाग्दैन । यसरी महामाया भगवतीको कृपाबाट भगवान् हयग्रीव प्रकट हुनुभयो । केही समयपछि भगवान् हयग्रीवले दानव हयग्रीवलाई वध गरिदिनुभयो । महामाया भगवतीको कृपाबाट दानवको नाश भयो । तसर्थ आसुरी शक्तिलाई नष्ट गर्न दैविक शक्तिकै आवश्यकता पर्दछ ।❖

-बत्तीस पुतली काठमाडौँ

सन्दर्भ सामग्री
१ देवी भागवत
२. शिव पुराण
३. पद्म पुराण

पोखरामा गत चैत १९ गतेबाट जेठ २६ गतेसम्म आयोजना गरिएको श्रीगण्डकी शत कुण्डीय गायत्री विराट् ज्ञान महायज्ञ ऐतिहासिक रूपमा भव्यताका साथ सफल भएको छ । सो कार्यक्रमलाई दिव्यताका साथ सम्पन्न गर्न पोखरेली भक्तजनहरूको अहम भूमिका रहेको छ । तिनै पोखरेली भक्तजनमध्ये महायज्ञ आयोजक समितिमा सह-निर्देशक जस्तो गरिमामय पदमा रही युवराज लामिछाने (युवक)ले अत्यन्तै सकृय भूमिका निर्वाह गर्नुभयो ।

वि.सं. २०३७ साल कात्तिकमा बुबा विष्णुहरि लामिछाने (हाल स्वर्गीय)एवम् आमा सूर्यकला लामिछानेका पुत्ररत्नका रूपमा जन्मनु भएका युवराज लामिछाने धार्मिक, सामाजिक र राजनीतिक रूपमा उत्तिकै सक्रिय हुनुहुन्छ । आफूलाई धार्मिक एवम् सामाजिक अभियान्ताकै रूपमा चिनाउनु हुने उहाँ विश्व हिन्दु महासंघ गण्डकी प्रदेशको युवा अध्यक्ष, गुप्तेश्वर महादेव व्यवस्थापन समितिको वरिष्ठ उपाध्यक्ष सहित विभिन्न मठ मन्दिरहरूमा संरक्षक, सल्लाहकारको भूमिकाको रूपमा विभिन्न धार्मिक गतिविधिमा संलग्न हुँदैआउनु भएको छ । शिक्षा क्षेत्रमा पनि त्यत्तिकै सक्रिय उहाँ ओम एकेडेमी स्कुलका संस्थापक आचार्य तथा नेशनल प्याब्सनका केन्द्रीय सदस्य हुनुहुन्छ । यसैबीच पोखरामा हालै सम्पन्न ऐतिहासिक श्रीगण्डकी शतकुण्डीय गायत्री विराट् ज्ञान महायज्ञ- २०८२ का विविध पक्षमा रहेर यस गौरी मासिकका सहसम्पादक भागवतश्री न्यौपानेले उहाँसँग गर्नुभएको कुराकानीका महत्त्वपूर्ण अंश तल प्रस्तुत गरिएको छ । सं.

कोटीहोमले पोखरामा सकारात्मक भाव पैदा भएको छ

-युवराज लामिछाने (युवक)

श्रीगण्डकी शतकुण्डीय गायत्री कोटिहोममा यहाँ कसरी जोडिनुभयो ?

हामी धार्मिक अभियन्ता भइसकेपछि कोही पनि व्यक्ति वा संस्थाले धार्मिक कार्यक्रम गर्ने पवित्र उद्देश्य लिएर यहाँ आई हामीलाई सहयोग गर्नुहोस् भनेर अनुरोध गरेपछि हामी हात बाँधेर बस्न सक्दैनौँ । जब बालयोगेश्वर विजय कृष्णमूर्तिजी महाराजले ऐतिहासिक श्रीगण्डकी शत कुण्डीय गायत्री कोटीहोम पोखरामा गर्ने संकल्प लिनुभयो, त्यसपछि हामीले उहाँलाई सहयोग गर्ने प्रतिबद्धता गऱ्यौं र यज्ञसँग जोडेर यसलाई सफल पारेका छौं ।

यस अघि लेकसाइडमा रहेको नेपाल ट्रष्टको जग्गामा गरिने भनिएको यज्ञ भूमिपूजनको दिन महानगरपालिकाले विथोलेपछि धार्मिक सद्भाव नै खल्वलिने परिस्थिति सिर्जना भयो । पोखरावासीले यस्तो अवस्था आउन दिनुहुँदैन भनेर म आफैँ यो कर्मका लागि अघि सरेको हुँ । महायज्ञ भव्यताका साथ सम्पन्न भएको छ, खुशी लागेको छ ।

यस कोटीहोमको अवधारणा र उद्देश्य के थियो ?

एउटा कुरा त के छ भने अहिले सनातनीहरूमा आफ्नो मौलिक संस्कृतिको लोप हुँदै गइरहेको छ । हिजो योगी नरहरीनाथले कोटिहोम गरिसकेपछि नेपालमा ठूलो धार्मिक अनुष्ठानको रूपमा कोटिहोमको अवधारणा आएको हो । त्यहीमाथि पनि हामी हिन्दु सनातनीहरूको लागि गायत्री कोटीहोम सबैभन्दा ठूलो कार्य हो । यसले सम्पूर्ण मानव र प्राणीको उद्धार हुन्छ भन्ने विश्वास छ । साथै यहाँको नयाँ पुस्ताहरूलाई पनि अगाडि जोड्दै धर्मको सम्वर्द्धनमा सहभागी गराउनु मूल उद्देश्य हो । यति मात्र नभै यस महायज्ञ शत कुण्डको भएको हुँदा यो ऐतिहासिक पनि हुन सक्छ । गायत्री सुन्ने सबैले एकपटक भए पनि यसको दर्शन गरून् भन्ने हो ।

गण्डकी प्रदेशमा गरिने भनिएको यो कोटिहोम अन्य १० जिल्लाको अलावा कास्की पोखरामै आयोजना गर्नुपर्ने कारण के थियो ?

पहिलो कुरा त पोखरा गण्डकी प्रदेशको राजधानी

हो । यसका साथै हामीले पोखरालाई धार्मिक पर्यटकीय केन्द्रको रूपमा अगाडि बढाउन चाहेका छौं । यहाँ तपाई आएर एउटा मन्दिर जानुहुन्छ भने त्यसको वरिपरि अन्य धेरै मठमन्दिरहरूको पनि दर्शन गर्न पाउनु हुन्छ । यस्ता कार्यक्रमको माध्यमबाट हामी यो अवसरलाई अझ प्रचार गर्न चाहन्छौं ।

६१ दिन लामो यस कार्यक्रममा के कति भक्तजनहरूको उपस्थिति रहेको पाउनुभयो ?

यसको प्रचारात्मक कार्यक्रमहरू चैतको १९ गतेदेखि नै शुरू भएको थियो । सोही महिनाको २६ गतेदेखि बालविदुषी अनुराधा पाण्डेले कथा प्रवचन शुरू गर्नुभयो र त्यसपछि देवी प्रतिभाले गर्नुभयो । तर, कोटीहोमका अनुष्ठानका कार्यक्रमहरू वैशाख १७ गतेबाट भूमिपूजन गरिसकेपछि शुरू भएको हो । र, १९ गतेबाट शुरूभएका हवनात्मक अनुष्ठानका कार्यहरू निरन्तर रूपमा जेठको २६ गतेसम्म रह्यो । अनुराधा माताले प्रवचन गरेदेखि नै भक्तजनहरूको उल्लेखनीय उपस्थिति रह्यो । शनिबार र अन्य सार्वजनिक विदाका दिन भक्तजनहरूको थापिनसक्नु उपस्थिति हुने गर्दथ्यो । २४ गते निर्जला एकादशीको दिन मात्रै झण्डै ३ लाख भक्तजनले दर्शन गर्नुभएको धेरैले आँकलन गर्नुभयो । यद्यपि जति हामीले चाहेका थियौं त्यति अझै आउनु भएन । तर पनि समग्रमा महायज्ञ अवधिभर २० लाख भन्दा बढी भक्तजनको उपस्थिति रहेको अनुमान गरेका छौं ।

यति धेरै उपस्थितिमा कस्ता प्रकृतिका भक्तजनहरू आउनुभयो त ?

यस महायज्ञमा सबै खाले भक्तजनहरूको उपस्थिति रहेको पाइयो । यहाँ ॐकार परिवारसँग आबद्ध भएका भक्तजनहरू मात्र नभई यज्ञको दिव्यताका बारेमा प्रचारप्रसार भइसकेपछि यहाँको व्यवस्थापन, सुन्दरता, अनुष्ठान देखेर एकपटक हेर्न पर्छ है भनेर आउने भक्तजनहरूको संख्या पनि धेरै रहेको छ । तर केही ॐकार र हिन्दुको खोल ओडेर राज्य संस्थामा बसेर म हिन्दु नै हुँ भन्ने तर दोहोरो चरित्र धारण गर्ने व्यक्तिहरू चाहिँ आएनन् । यो कुरा सबैले बुझेका छन् । यसका साथै गण्डकी प्रदेश विविध जातजाति र भाषाभाषीको वासस्थल भएको हुँदा सबै सम्प्रदाय तथा तहका व्यक्तिहरूको सकृय उपस्थिति रहेको पाइयो ।

यज्ञमा सहभागिताका क्रममा पोखराका आमा समूहको उल्लेख्य भूमिका रहेको देखियो । यस आमा समूहको विषयमा थोरै जानकारी गराइदिनुस् न ।

पोखरा र गण्डकी प्रदेश भनेको आमा समूहहरू अत्यन्तै सक्रिय भएको ठाउँ हो । उहाँहरूको मेलमिलाप, सामूहिक भावना, कामप्रतिको जागरूकता, यस्ता अनुष्ठानहरूलाई गर्ने सहयोग, अतुलनीय र अविस्मरणीय छ; पोखरामा । त्यही सम्झेर नै हामीले सबै आमा समूहलाई निमन्त्रणा गरेका थियौं । र, सबै उपस्थित पनि हुनभयो । पोखरामा यस प्रकारको कार्यक्रम गर्दा आमा समूह र महिला दिदीबहिनीहरूको उल्लेख रूपमा उपस्थिति हुने गर्दछ । भोलिका दिनहरूमा पनि उहाँहरूले सहयोग गर्नुहुन्छ भन्ने हामीलाई पूर्ण आशा छ ।

सबैभन्दा ठूलो चासो भनेको यज्ञमा कति भेटी संकलन भयो र कति खर्च भयो भन्ने हुन्छ । आम्दानी र खर्चको व्यवस्थापन कसरी गरिएको छ ?

मानव सेवा फाउण्डेसन जो यस यज्ञको मुख्य आयोजक हो, त्यो विधिवत् रूपमा दर्ता भएको संस्था हो । यसले काठमाडौंमा पनि कोटिहोम आयोजना गरेको थियो । संस्थाका अध्यक्ष विजयश्री कृष्णमूर्तिजी महाराज सहितको समूह हामीसँग आएर छलफल गर्नुभयो । यज्ञको खर्च उठ्यो र बच्यो भने पोखराका केही धार्मिक संस्थाहरूलाई दिउँला, नपुगे आर्थिक कुराको बारेमा तपाईहरूले बेहोर्नु पर्दैन भनेपछि हामीले धार्मिक कार्यक्रममा सहभागिता र सहमति जनाएका हौं । मानिसहरूले आफूले दिएका दान दातव्य सामग्रीहरूको पनि सही प्रयोग होस् भन्ने अपेक्षा राखेका हुन्छन् । त्यसैले यसको सम्पूर्ण आयव्यय निकट भविष्यमा नै उहाँहरूले पत्रकार सम्मेलन गरेर जानकारी गराउनुहुन्छ भन्ने मलाई पूर्ण विश्वास छ ।

यस यज्ञमा कस्ता किसिमका दाताहरूको उपस्थिति रहेको पाउनुभयो ?

हामीले यहाँ पुर्ख्यौली रूपमा धार्मिक गतिविधिमा संलग्न हुनुभएका पुर्खाका परिवारका सन्ततिहरू बढी आएको पायौं । जसले धर्म बुझेको छ, ती मानिसहरू

आएका छन् । कलियुगमा पुण्यका लागि दान गर्नुपर्छ भन्ने भावनाका मानिसहरूबाट नगद मात्र नभइ जग्गा जमिन खाद्यान्न, पूजा सामग्री, दाल, तरकारी, पानी जस्ता सबै कुराहरू दान गर्नुभएको छ ।

धार्मिक र सामाजिक दृष्टिकोणले यो यज्ञको मुख्य उपलब्धि के भयो भन्ने लाग्छ यहाँलाई ?

पोखरामा हिन्दुका कार्यक्रमहरू त्यति धेरै नहुँदा यो अथवा त्यो कुराको नाममा हिन्दु धर्मसँग सम्बन्धित मान्छेहरू विचलित भएर अन्य धर्मतिर अन्य सम्प्रदायतिर जान्छन् कि भन्ने हामीलाई लागिरहेको थियो । तर यो कार्यक्रम भएपछि दोधार भएका मानिसहरू समेत यो कार्यक्रममा आएर सहभागी बन्नुभयो । हाम्रो धर्मप्रतिको महत्त्व र अनिवार्यता कथावाचकहरूले पनि वस्तुपरकरूपमा बुझाइदिनु भयो । साथै ४०० ब्राह्मणहरूले गायत्री मन्त्रद्वारा जुन 'स्वाहा स्वाहा'को ध्वनिबाट अखण्ड हवन गर्नुभयो, त्यस्तो अनुष्ठान देखेर यस धर्मप्रतिको महत्त्व, आस्था प्रतिष्ठा र विश्वास बढेर गएको छ । सामान्य सप्ताह पुराणमा गएका नागरिकहरू र टीभीमा मात्र धार्मिक कार्यक्रम हेरेर बस्नुभएका दर्शकहरूले आफैं सहभागी भएर जुन अनुभव हासिल गर्नुभयो, त्यसले हिन्दु धर्मको जगेर्ना र प्रचारप्रसार गर्न ठूलो महत्त्व राख्दछ भन्ने मैले विश्वास लिएको छु ।

तपाईको घर यज्ञ स्थल नजिकै भएको कारणले यहाँको समग्र वातावरणमा केही परिवर्तन भएको महसुस गर्नुभएको छ ?

मानिसहरूले यज्ञको धुवाँको कारणले वायुप्रदूषण हुन्छ भने पनि एउटा कुरा के हो भने गत वर्ष यतिबेला घोगा लाग्ने बेला भएको मकै सबै घामले डढेर सुकेका थिए । अहिले पनि खडेरीका कारणले सुक्न लागेका थिए । तर यसपटक जब यो अनुष्ठान शुरू भयो, यज्ञमा भनेजस्तै कुन दिन पानी पर्नुपर्ने हो कुन दिन घाम लाग्नुपर्ने हो ती परिवेशहरू सबै मिलेको देख्दा यज्ञकै प्रभावले हो कि भन्ने लाग्छ । यति मात्र नभई यहाँका होटल पसलहरू, पहिलेभन्दा कैयौं गुणा बढी चलेका छन्, आर्थिक समृद्धि पनि भएको छ । यसले दिने थप दीर्घकालीन प्रभाव त पछि थाहा होला नै ।

यस बाहेक धार्मिक सहिष्णुता पनि अझ बलियो भएको छ । गण्डकी प्रदेश पोखरा यस्तो स्थान हो, जहाँ हामी गाउँको खैजेडी बजाउँदा गुरूङले परबाट नाच्दै आइपुग्ने, गुरूङले सेलो गाउँदा हामी बाहुनहरू त्यहाँ गएर नाच्ने गर्दछौं । एक आपसका परिपुरक यस्ता सामाजिक व्यवहारलाई यस महायज्ञले अझ बलियो बनाएको छ ।

म एउटा धार्मिक आध्यात्मिक संस्कारयुक्त परिवारमा जन्मिएको मान्छे हुँ । मेरो समीपमा यति ठूलो यज्ञ हुनुलाई मैले आफ्नो अहोभाग्यको रुपमा लिएको छु ।

यस महायज्ञको प्रचारप्रसार गर्न यहाँका स्थानीय सञ्चार माध्यम र स्थानीय सरकारको कस्तो भूमिका रहेको पाउनुभयो ?

पहिला जुन स्थानमा कार्यक्रम गर्न लागिएको थियो, स्थानीय सरकारकै अवरोधका कारण सो ठाउँ छोड्नुपर्ने अवस्था आयो । पछि कर, बलले गर्दा स्थानीय सरकारले हामीलाई स्वीकृति त दियो तर अपेक्षित रूपमा सहयोग चाहिँ गरेको हामीले पाउन सकेनौं । स्पष्टरूपमा भन्नुपर्दा हामीलाई प्रदेश सरकार र स्थानीय सरकारबाट कुनै सहयोग भएन । तर पनि हामीले यो महायज्ञ भव्यताका साथ सम्पन्न गरेका छौं । यो कार्यक्रमको समापन संगै हामी धार्मिक अभियान्ताहरूलाई एउटा दृढ विश्वास के भयो भने धार्मिक व्यक्तिहरू, स्थानीय जनताले चाह्यो भने जस्ता सुकै कार्यक्रम पनि जो कसैले अवरोध गर्न खोज्यो भने पनि सम्पन्न गर्न सकिने रहेछ ।

सञ्चार माध्यमको सहयोगका कुरा गर्दा पनि कतिपय स्थानीय सञ्चार माध्यमले यस महायज्ञलाई व्यापारको रूपमा हेरिदिनुभयो । यो धार्मिक कृयाकलाप हो, यसलाई अगाडि बढाएर लैजानुपर्छ भन्ने कुरामा स्थानीय मिडियाहरू लाग्न सक्नुभएन, यो दुःखदायी कुरा हो । तर समग्रमा भन्नुपर्दा सञ्चारमाध्यमले प्रचार नगर्दिएको भए त यत्रो तमाम भक्तजन कहाँबाट आउनु हुन्थ्यो र ? तर पनि केही सञ्चारमाध्यमको व्यवहारप्रति भने हामीलाई अत्यन्त दुःख लागेको छ ।

यहाँ धेरै नै अनुभवी हुनुहुन्छ । यस्ता अनुष्ठानलाई थप प्रभावकारी बनाउन के कस्ता सुधारहरू गर्नुपर्ने आवश्यकता देख्नुभएको छ ?

राष्ट्रिय स्तरको यति भव्य कार्यक्रमको आयोजक संस्था एउटा मात्र भएको हुँदा केही कमजोरी देखिएकै

हो । स्थानीय संघसंस्थाहरूलाई पनि आयोजकका रूपमा सहभागी गराउँदा केही सजिलो हुन्थ्यो नै । यज्ञ परोपकारी कार्य भएको हुँदा मितव्ययिता अपनाउनु पर्दछ । यो यज्ञमा आवश्यक खर्च उठ्छ भन्ने हामीले पहिला सोचेका थियौं तर दानवीरहरूसँग हामीले दान माग्न गएनौँ । कसैसँग पनि हामीले आर्थिक सहयोगको पत्र लिएर गएनौं । जो उपस्थित हुनुभएको थियो, उहाँहरूलाई दान गर्दा पुण्य लाभ हुन्छ भन्ने कुरा गुरुहरूले भन्नुभयो, र उहाँहरूले दान गर्नुभयो । त्यसैले हामीले आर्थिक पाटोलाई पनि संगै लिएर खटियौं भने आगामी कार्यक्रमहरूको लागि हौसला प्रदान हुने आभास चाहिँ भएको छ । यसका साथै ४०० जना ब्राह्मणहरूको व्यवस्थापन गर्नु पनि ठूलो चुनौति थियो । व्यवस्थापकको रूपमा चुरामणिजी, आचार्यद्वय सुरज गुरू र वसन्त गुरू, सुजनप्रेमी र सुवोध भाइको भूमिका ठूलो रहेको पाएँ । तर पनि खानपान, वसोवासको लागि अझ राम्ररी व्यवस्थापन गर्न पूर्व तयारी पुगेन कि भन्ने महसुस भएको छ ।

अहिले बनाइएका १०० वटा हवनकुण्डहरुलाई संरक्षण गर्ने कुनै योजना छ ?

यस अगाडि त्यस सम्वन्धमा कुनै निर्णय त केही भएको छैन । हरिहर मन्दिरको करिब २९ रोपनी जग्गा, त्यसपछि अन्य व्यक्तिहरूको जग्गा, मेरो आफ्नै जग्गा गरी करिब ९५ रोपनी जग्गामा हामीले यो महायज्ञको व्यवस्थापन गरेका छौं । यद्यपि सबै हवनकुण्ड सिद्धेश्वर हरिहर मन्दिरको गुठीको जग्गामा बनाइएका छन् । यस बारेमा स्थानीय व्यक्ति तथा संस्थाका साथै सिद्धेश्वर मन्दिर व्यवस्थापन समितिले विशेष ध्यान दिनु आवश्यक छ । हाम्रो पनि चाहना चाहिँ मूल हवनकुण्ड र यज्ञमण्डपलाई संरक्षण गरेर राखियो भने भविष्यमा यहाँ यस्तो भएको थियो भनेर देखाउन सकिन्छ भन्ने हो । हरिहर मन्दिर व्यवस्थापनमा बसेका साथीहरू पनि धार्मिक हुनुहुन्छ । उहाँहरूले त्यो कुण्डलाई पुर्ने काम नगरी संरक्षण गरेर राख्नुहुने छ भन्ने विश्वास छ ।

सहनिर्देशकको रूपमा यस महायज्ञको बारेमा तपाईको संक्षिप्त भनाइ केही छ ?

जो जहाँ, जहाँ, जसले, जसरी सहयोग गर्नुभयो, उहाँहरूलाई म सम्मान प्रकट गर्न चाहन्छु । वडा नं. १७ को वडाध्यक्ष राधिका शाही योगीजी, २ नं.का वडाध्यक्ष दिवसमान प्रधानाङ्ग, त्यसवेलाका कास्की जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्री, विजय केसी तथा विष्णु थापा लगायत जसले यहाँ बसेर यो जग्गा छनोट गर्नुभयो, यो ठाउँ उपयुक्त हुन्छ भनेर प्रतिवेदन दिनुभयो र त्यसका निम्ति भूमिका खेल्नुभयो उहाँहरूलाई विशेष धन्यवाद छ । अर्को धन्यवाद भनेको सम्पूर्ण गुरूजन, आयोजक संस्था र सम्पूर्ण पोखरेली भक्तजन, जो उपस्थित हुनुभयो । यज्ञस्थलमा प्रत्यक्ष उपस्थित नभइकन सामाजिक सञ्जालमै हेरेर नगएकोमा खल्लो महसुस गर्नुहुने सबैलाई हार्दिक धन्यवाद र आभार व्यक्त गर्न चाहन्छु ।

यज्ञले के दियो भन्ने कुरा यज्ञस्थलमै आएर थाहा हुने कुरा हो । यज्ञस्थल वरपरको बाटो हिडेका बालबालिकाहरू जव यज्ञकुण्ड देखेर ढोग्न थाल्दछन् तब हामीले सनातनी संस्कार, परम्परा र आस्थाले मूल्य र मान्यता पाएको ठान्दछौं । मानिसहरू यज्ञकुण्डमा आएर खरानी, माटो, इटा सबै कुरा लिएर गएका छन् । यो आस्था, श्रद्धा र भक्ति श्रीगण्डकी कोटिहोमले दिएको हो ।

अन्त्यमा, गौरी मासिक पत्रिकामार्फत भन्नै पर्ने केही छ कि ?

गौरी एउटा धार्मिक तथा सामाजिक रूपमा प्रतिष्ठित पत्रिका हो । लामो समयदेखि आफ्नो रूप र स्वरूपलाई परिवर्तन नगरी एक आकारमा जसरी अगाडि बढिरहनुभएको छ, त्यो सह्रानीय छ । यसर्थ यसमा लाग्नुहुने अर्जुन सर, तपाई लगायत सबै टिमलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस्ता कार्यक्रमहरू तपाईहरूले कुना काप्चामा गएर खोजीखोजी प्रचार गर्नुभएको छ, अझै दूरदराजमा धार्मिक कृयाकलापहरूलाई समेटिदिनुहोला । दूरदराजमा ठूला ठूला कार्यक्रम नहोलान् तर त्यहाँ धुप बालिएको होला, अक्षता चढाइएको होला ती ठाउँमा पनि पुगेर गौरी पत्रिकाले ती कर्महरूको पनि प्रचार गर्न सकोस् ! यसको युगौं युगसम्म दीर्घायुको कामना गर्दै यस पत्रिकामा मेरो पनि अन्तर्वार्ता राख्ने सुअवसर प्रदान गर्नुभयो, त्यसको लागि यहाँप्रति आभार व्यक्त गर्न चाहन्छु । अन्त्यमा के भन्न चाहन्छु भने अहिले धर्ममा राजनीति गरिएको छ । धर्मलाई राजनीतिकरण गर्नु हुँदैन तर राजनीतिमा धर्म हुनुपर्छ ।❖

कालजयी महर्षि माण्डव्य

पं. वेदप्रसाद पन्त

सर्वोच्च शिखर सगरमाथाको देश नेपाल महर्षिहरूको तपोभूमि हो । यहाँ यत्रतत्र हिमाल, पहाड र पवित्र नदीहरूका सङ्गमस्थलमा भएका जति गुफा र कन्दराहरू छन् । ती सम्पूर्ण ऋषि, मुनि र महर्षिहरूका तपस्थल एवम् आश्रयस्थलहरू हुन् । यही पवित्र भूमिमा बसेर तपस्या गरी तमाम महर्षिहरू कालजयी एवम् त्रिकालदर्शी बन्नुभएको थियो र आज पनि यो परम्परा केही भिन्न रूपले चल्दैआएको छ ।

हाम्रो सनातन वैदिक धर्म, संस्कार र संस्कृतिको जग बसाल्ने र सम्पूर्ण ग्रन्थहरू- वेद, संहिता, ब्राह्मण, आरण्यक, उपनिषद्, दर्शन, ज्योतिष तथा व्याकरण लगायतका सबै शास्त्रहरू देख्ने र लेखी प्रकाशन गर्ने पनि यिनै महर्षिहरू हुन् । जुन ग्रन्थहरू आज आएर संसारका सबै विद्वान्हरूले हजारौं वर्ष पुराना भएका कुरा स्वीकार गरिसकेका छन् भने अमेरिका, जर्मन, फ्रान्स, रूस, चीन र जापान समेतले हाम्रा धार्मिक एवम् वैज्ञानिक ऋग्वेद, अध्यात्मरामायण, महाभारत, श्रीमद्भागवत्महापुराण, श्रीमद्भगवत्गीता आदि ग्रन्थहरू महाविद्यालय नै स्थापना गरेर अध्ययनअध्यापन गर्न थालेका छन् ।

यहाँ चर्चा गर्न लागिएका कालजयी महान् महर्षि माण्डव्यको तपोभूमि पाल्पा जिल्ला तानसेन न.पा.अन्तर्गत माडी हो । पाल्पा जिल्ला नै महर्षि और्व र अङ्गिराको तपस्थल एवम् सम्पूर्ण देवताका गुरू वृहस्पतिको जन्मभूमि पनि हो । पाल्पाकै रामपुरमा राम, सीता, लक्ष्मण र हनुमानको तपस्थल रहेको कुरा प्रमाणित भएको छ । यस्को प्रमाण त्यस क्षेत्रमा रामजानकी मन्दिर निर्माण गर्न उत्खनन गर्दा दुई वटा चाँदीका सिक्का प्राप्त भएका छन् । ती सिक्कामध्ये एउटामा राम जानकी र एउटामा राम, जानकी, लक्ष्मण र हनुमान समेतका मूर्ति अङ्कित भएका छन् । मुद्रामा अङ्कित यी देवहरूले स्नान गर्ने कृष्णागण्डकीको घाटलाई रामघाट(गुप्ततीर्थ) भनिन्छ ।

राम-जानकी मन्दिर परिसरमा उत्खनन गर्दा भेटिएका दुई रजत मुद्रा

त्यस्तै नेपालका मुख्य चारधामहरू मुक्तिनाथक्षेत्र, रुरुक्षेत्र, पशुपतिनाथक्षेत्र र बराहक्षेत्र मध्येको दोस्रोधाम रुरुक्षेत्रमा बनेको भगवान् हृषिकेशको मन्दिर पनि यही जिल्लामा पर्छ भने भृगु र भर्तृहरि आदि धेरै महर्षिहरूको तपोभूमि पनि पाल्पा जिल्ला नै हो ।

यही जिल्लामा विवाह नहुँदै वेदव्यासकी आमा बनेकी सत्यवती जो भीष्म पितामहकी सपत्नमाता, शान्तनु राजाकी पत्नी तथा धृतराष्ट्र, पाण्डु र विदुरकी हजुरआमा हुनुहुन्थ्यो । उहाँले स्नान गर्ने गरेको सत्यवती ताल पनि यही जिल्लामा छ । अतः पाण्डव र कौरवको राजधानी हस्तिनापुर पनि पाल्पाको माडी अथवा चितवन जिल्लाको राम जन्मभूमि माडी अन्तर्गत अयोध्यापुरी नजिकै कुन स्थानमा हो भन्ने कुरा अनुसन्धान गर्नुपर्ने विषय भएको छ ।

ऋषिवर माण्डव्य

हाम्रा पुर्खा प्राचीन कालका महर्षिहरू त्रिकालदर्शी एवम् कालजयी थिए । ती महर्षिमध्येका कालजयी महर्षि माण्डव्य (अणि-माण्डव्य) पनि एक हुन् ।

भरतवंशी महाराज जनमेजयले धर्मराजले कुन कर्म गरेका थिए र उनलाई श्राप परेर मनुष्य योनिमा विदुरको नामले जन्म लिनुपरेको थियो भनेर वैशम्पायन महर्षिलाई प्रश्न सोधेपछि वैशम्पायनले भने –

बभूव ब्राह्मणः कश्चिन्माण्डव्य इति विश्रुतः ।
धृतिमान् सर्वधर्मज्ञः सत्त्वे तपसि च स्थितः ॥

(महा.अ.१०६/श्लो.२)

हे राजन् ! परापूर्व कालमा माण्डव्य नामक एक विख्यात ब्राह्मण थिए, जो अत्यन्त धैर्यवान्, सर्वधर्मज्ञ, सत्यनिष्ठ एवम् महातपस्वी थिए ।

स आश्रमपदद्वारी वृक्षमूले महातपाः ।
उर्ध्वबाहुर्महायोगी तस्थौ मौनव्रतान्वितः ॥ (महा.अ.१०६/श्लो.३)

ती महायोगी माण्डव्यले आफ्नै आश्रमको ढोका अगाडिको वृक्षको फेदमा मौनव्रती भएर खडा भई दुवै हात माथि उठाई चिरकालदेखि कठोर तपस्या गरिरहेका थिए । एकदिन उनको आश्रममा चोरीको माल लिएर डाँकाहरू आए । ती डाँकाहरूलाई थुप्रै सैनिकहरूले लखेट्दै आएका थिए । ती चोरहरूले त्यो चोरीको माल महर्षिकै आश्रममा लुकाएर सैनिक आउनुभन्दा पहिले नै आफूहरू पनि त्यहीं लुकेर बसे । उनीहरू लुक्ने वित्तिकै सैनिकहरू त्यहीं आइपुगे । सैनिकहरूले तपस्यामा लीन भएका तपस्वीलाई देखेर सोधे- हे महर्षि ! चोरहरू कुन बाटो भागेका छन् भन्नुहोस्, हामी त्यही बाटो गएर उनीहरूलाई समाउँछौं ।

सैनिकहरूले यसरी सोधे पनि मौनव्रती भएका कारण तपस्याका धनी महर्षि माण्डव्यले कुनै उत्तर दिनुभएन । त्यसपछि सैनिकहरूले मुनिको आश्रमभित्र खानतलासी गरे । खानतलासी गर्दा आश्रमभित्रै चोर सहित चोरीका माल सामान भेटिए । यसरी सबै कुरा भेटिएपछि सैनिकले महर्षिसहित चोरहरूलाई बाँधेर राजासमक्ष लिएर गई सबै वृत्तान्त बताए । यसपछि राजाले पनि विना सोच विचार चोर र महर्षिलाई प्राणदण्ड दिने आज्ञा दिए ।

राजा र सैनिक कसैले पनि ती महर्षिलाई चिन्न नसकेको हुनाले राजाको आज्ञा पालन गरी चोर र मुनिलाई शूलीमा चढाए र चोरीका सबै सामानहरू राजदरवारमा बुझाइदिए । तर शूलीमा चढाइएका महर्षि भने चिरकालसम्म जीवितै रहे भन्दै उल्लेख गरिएको छ-

शूलस्थः स च धर्मात्मा कालेन महता ततः ।
निराहारोऽपि विप्रर्षिर्मरणं नाभ्यपद्यत ॥ (महा.अ.१०६/श्लो.१४)

महात्मा महर्षि माण्डव्य लामो समयसम्म शूलीको अग्रभाग(टुप्पो)माविना आहार बस्दा पनि जीवितै रहिरहे । यस अवस्थामा माण्डव्यले आफ्नो मनले स्मरण गरेर अरू महर्षिलाई आफू समक्ष आउन भनी सन्देश दिए भन्दै महाभारत लेख्छ-

ते रात्रौ शकुना भत्त्वा संनिपत्य तु भारत ।
दर्शयन्तो यथा शक्ति तमपृच्छन् द्विजोत्तमम् ॥

(महा.अ.१०६/श्लो.१६)

अर्थात् शूलीको नोकमाथि तपस्या गरिरहेका मुनिको खवर पाएपछि उनको अवस्थामाथि चिन्ता प्रकट गर्दै रातको समयमा कसैले नदेख्ने गरी पक्षीको रूप धारण गरेका तमाम मुनिहरू माण्डव्यलाई भेट गर्न आएर आआफ्नो शक्ति अनुसारको रूप प्रकाशित गरी ती महर्षिलाई सोध्न थाले- हे ब्रह्मन् ! हामी जान्न चाहन्छौं कि हजुरले के पाप गर्नुभएको थियो र यस्तो कष्टदायी शूलीमा चढ्नुपर्‍यो ?

मुनिहरूको यस्तो प्रश्न सुनेपछि महर्षि माण्डव्यले भन्नुभयो- मलाई कसैले कुनै प्रकारको दुःख वा कष्ट दिएका छैनन् । अतः म कसैलाई दोष पनि दिनसक्दिन । यस्ता कुरा सुनी त्यहाँ आएका अरू मुनिहरू आश्चर्यचकित भएर फर्कने गर्थे ।

हे जनमेजय ! कुनै दिन राजाका सैनिकहरू घुम्दै आउँदा धेरै दिनसम्म पनि मुनिलाई जीवितभएको देखी आश्चर्य मानेर राजासमक्ष गई मुनिको अवस्थाबारे सबै कुरा सुनाए । यो अनौठो समाचार सुनेर राजाले तुरुन्तै मन्त्रीहरूसँग विचार विमर्श गरी शूलीको नोकमा बसेर तपस्या गरिरहेका मुनिसमक्ष उपस्थित भई डराउँदै झुकेर विन्ति गर्न थाले- हे मुनिवर ! मबाट अज्ञानतावश हजुरप्रति जो अपराध भएको छ, त्यस्मा मैले क्षमा पाऊँ । मलाई क्षमा प्रदान गर्नुहोस् ।

जनमेजयलाई वैशम्पायन भन्नुहन्छ– हे राजन् ! ती राजाले यसरी मुनिको प्रार्थना गरेपछि सिद्धि प्राप्त गरिसकेका मुनि प्रसन्न हुनुभयो । त्यसपछि राजाले मुनिलाई शूलीबाट भूइँमा झारे । भूइँमा झारेपछि शुलीका नोकको देखिने भाग समाई तानेर निकाल्ने प्रयत्न गरे, तर धेरै कोशिष गर्दा पनि आसन भित्र रहेको शूलको नोक निकाल्न नसकेर बाहिर देखिने भागमात्र काटेर फालिदिए । त्यसपछि ती मुनिले शूलीको अग्रभाग शरीरभित्रै राखेर हिड्न थाले । अन्तमा माण्डव्य महर्षिले अरू मुनिको लागि पनि अत्यन्त दुर्लभ हुने पुण्यलोक प्राप्त गरे ।

शूलीको नोक शरीर भित्रै रहेकोले उनलाई अणीमाण्डव्य भन्ने गरिन्थ्यो भन्दै महाभारतले लेख्छ–

अणीमाण्डव्य इति च ततो लोकेषु गीयते ।

स गत्वा सदनं विप्रो धर्मस्य परमात्मवित् ॥ (महा.अ.१०७/श्लो.८)

कुनै समय परमात्मतत्त्वका ज्ञाता विप्रवर माण्डव्यले धर्मराजको भवनमा गई सोधे भन्दै लेखिएको छ–

आसनस्थं ततो धर्मं दृष्ट्वोपालभतः प्रभुः ।

किं नु तद् दुष्कृतं कर्म मया कृतमजानता ॥ (महा.अ.१०७/श्लो.९)

यसरी कष्ट भोगेका माण्डव्यले एकदिन आफ्नो आसनमा आरामसँग बसिरहेका धर्मराजसँग गएर अलि उचो स्वरले सोध्नुभयो– मैले अनजानमा कुन त्यस्तो पाप गरेको थिएँ र मलाई त्यस पापको यस्तो कष्टपूर्ण फल व्हेोर्नु परेको हो ? त्यस्को उत्तर तुरून्तै पाऊँ र मेरो तपोवल पनि हेर्नुहोस् ।

माण्डव्यका कुरा सुनेर धर्मराजले भने– तपाईले पतङ्गको आसनमा सिन्को घुसारी दिनुभएको थियो, त्यही पापको फल हो यो । हे विप्रर्षि ! जस्तो थोरै दान गरेपनि ठूलो पुण्य प्राप्त भएको हुन्छ त्यस्तै थोरै अधर्म पनि धेरे ठूलो कष्ट दिने हुन्छ ।

धर्मराजका कुरा सुनेर मुनिवरले भन्नुभयो– धर्मराजजी ! तपाईले ठिकसँग बताउनुहोस् कि मैले कुन अवस्थामा यस्तो पाप गरेको थिएँ ? मुनिका कुरा सुनेर धर्मराजले भने– तपाईले वाल्यावस्थामा यस्तो पाप गर्नुभएको थियो ।

यसपछि माण्डव्यले भन्नुभयो– धर्मशास्त्र अनुसार जन्मेको बाह्रवर्षसम्म गरेको जुन सुकै कर्म पापमय हुँदैन । किन कि त्यो उमेरसम्म बालकलाई धर्मशास्त्रको ज्ञान हुँदैन । धर्मराज तपाईले मलाई सानो पापको ठूलो दण्ड दिनुभयो । ब्राह्मणलाई मार्नु सबै प्राणीहरूलाई मार्नुभन्दा पनि बढी भयङ्कर पाप हुन्छ । हे धर्मराज ! तपाईले मलाई विना विचार यति ठूलो कष्ट भोगाउनुभएकोले तपाईले पनि मनुष्य भएर शूद्रको योनिमा जन्म लिनुपरोस् भन्ने श्राप दिएर आजदेखि मैले संसारमा धर्म र पापको फल भोग गर्ने असल मर्यादा स्थापित गरेर छोड्दछु भने । जसअनुसार चौध वर्षसम्मका बालकलाई पाप कर्मको फल व्हेोर्नुपर्ने छैन । त्यसमाथिको उमेर समूहकाले मात्र आफूले गरेको पाप भोग्नुपर्ने छ ।

हे राजन् ! यही व्यभिचारका कारण महात्मा माण्डव्यले धर्मराजलाई श्राप दिएर उनले पनि पृथ्वीलोकमा मानिस भएर विदुरको रूपमा शूद्रयोनिमा जन्म लिनुपरेको थियो । विदुर धर्मशास्त्र एवम् अर्थशास्त्रका महान् विद्वान्, लोभ र क्रोधले रहित, दूरदर्शी, शान्तिपरायण तथा कौरवहरूको हितमा सदा तत्पर रहिरहने, कौरव कुलभूषण, धर्मात्मा तथा महान् कर्मयोगी व्यक्ति थिए ।

मान्यवर मुनिश्रेष्ठ माण्डव्यको यो विशेष घटनाबाहेक उहाँको जीवनसँग सम्बन्धित अरू पनि केही घटना र रोचक प्रसङ्गहरू छन् । ती सबै नै प्रेरणादायी छन् । अन्त्यमा महर्षि शिरोमणि माण्डव्य आफ्नै तपोबलका कारण सम्पूर्ण लोकमा विचरण गर्नसक्ने देवतुल्य मुनि हुनुभयो । उहाँ आफू शूलीमा चढ्नुपरेको कारण जान्नको लागि पाताल लोकमा समेत गई धर्मराजसँग कारण बुझेर उनलाई समेत श्राप दिई १४ वर्षसम्मका बालकहरूले जान अनजानमा गरेको पापको फल भोग्ननपर्ने मर्यादा स्थापित गर्नसक्ने सुयोग्य एवम् कर्मठ मुनि हुनुहुन्थ्यो ।

यस्ता महान् मुनिको मन्दिर निर्माण गर्ने र सेवा, पूजा गर्ने अवसर पाउनेहरू भाग्यशाली व्यक्ति हुन् भने उहाँको स्मृतिग्रन्थ प्रकाशित गर्न लागिपर्नुभएकी आदरणीय सीता अधिकारीजी पनि धन्यवादकी पात्र हुनुहुन्छ । यो पुस्तक भरसक सबै माण्डव्य गोत्रीले पढ्ने अवसर पाएर आफूलाई चिह्ने सुनौलो मौका प्राप्त गर्न सकून् ।❖

चन्दागिरी न.पा. ७, वाणस्थली, काठमाडौं

गण्डकीको महिमा

सविन प्रभात

संसारका पवित्रतम् नदीहरूमध्ये हाम्री गण्डकी शीर्षस्थानमा पर्दछिन् । साक्षात् नारायणका गालाको पसिना स्वरूपमा निर्झरित गण्डकीले उनै सर्वेश्वर नारायणको अर्चाविग्रह भगवान् शालग्राम (चक्रशिला) लाई जन्मदिने भएकोले शालग्रामलाई गण्डकीनन्दन (गण्डकीका पुत्र) पनि भनिन्छ ।

उत्तरपूर्वी मुस्ताङको नेपाल तिब्बत सीमास्थित ६,२६८ मिटर अग्लो न्हुबिने हिमाललाई गण्डकीको उद्गमस्थल मानिन्छ । उद्गमस्थलबाट स्थानीय भाषामा स्छौमा नामले दक्षिणतर्फ बगेपछि ल्होमान्थाङ नजिकै न्हेचुङ खोलामा मिसिएर मुस्ताङ खोलाका नामले अनि कागवेनीमा काग खोला र मुस्ताङ खोला मिसिएपछि कालीगण्डकी नामले बहने यी नदीमा संसारको सबैभन्दा अग्लो र गहिरो कालीगण्डकी गल्छी समेत प्राकृतिक रूपमा निर्मित छ । गण्डकीका मुख्य सहायक सात नदीहरूमा कालीगण्डकी, बुढीगण्डकी, सेतीगण्डकी, मादी, मर्स्याङ्दी, दरौंदी र त्रिशूली हुन् भने विभिन्न ठाउँमा अन्य सहायक नदीहरू समेत समेट्दै चितवनको देवघाट नजिक त्रिशूलीसँग मिसिएर नारायणी (सप्तगण्डकी) नामले प्रसिद्ध छन् । त्यस्तै, भारतको पटनानेर भागीरथी गंगामा मिसिएर अन्ततः गंगासागर हुँदै बंगालको खाडीमा समाहित हुन्छिन् ।

नेपालको लुम्बिनी, गण्डकी, नारायणी, धवलागिरी आदि क्षेत्रमा बस्ने बासिन्दाको घरघरमा नित्य शालिग्राम पूजा हुनुको साथै मृत्युपश्चात् शवदाह लगायतका कर्म पनि कालीगण्डकीको तटमै गर्ने प्रचलन छ । यहाँ अलि ठूलो पूजाआजा भयो भने फूलपाती सेलाउन समेत गण्डकीमै जाने परम्परा छ । यहीँ गण्डकी तटबाट जडभरत, महर्षि पराशर, महर्षि वाल्मीकि, महर्षि देवदत्त, ऋष्यश्रृङ्ग्य, श्रृङ्गी ऋषि आदि अनेकौं सिद्ध सन्तहरू र हाम्रा कयौं पुस्ताहरूको ध्यान, तप एवं साधना पूर्ण तथा जीवन मुक्त (मोक्ष) भएको छ ।

नेपालका प्रमुख चार धामहरूमध्ये हरिहर क्षेत्र (देवघाट), रुरुक्षेत्र (रिडी) र मुक्तिक्षेत्र (मुक्तिनाथ) गरी ३ धाम पनि गण्डकी काखका अवयव एवं धरोहर हुन् । शिरमा दामोदर अनि मुक्तिदाता भगवान् मुक्तिनाथ सजाएर हृदयस्थलमा रूद्रवेणी र हृषिकेश हुँदै पाउमा आदिप्रयाग देवघाटसम्म पुग्दा छटाहरूमा त्रिवेणी, राम्दी, आलमदेवी, गलेश्वर, सेतीवेनी, कागवेनी आदि थुप्रै पवित्र धार्मिक, सांस्कृतिक, आध्यात्मिक, प्राकृतिक एवं पर्यावरणीय स्थानहरूमा गण्डकीको कलरव ध्वनि निसृत छ । गण्डकीतटमा तर्पण र पिण्डदानादि श्राद्धकर्म गर्दा आफ्ना चौध पुस्ता (पितादि सप्त, मातामहादि सप्त) तृप्त हुने धार्मिक मान्यता छ । असंख्य शालग्राम भगवान्‌लाई अविरल स्नान गराउँदै निर्झरित जल आफैँमा अनुपम तीर्थमणि नै हो जसको एकै थोपा मात्र पनि मुखमा पर्‍यो भने निःसन्देह जीवात्मा धन्य हुन्छन् ।

गण्डकीको व्यापक महिमा हाम्रा सामान्य दुईचार टुटेफुटे लौकिक शब्दहरूबाट उजागर गर्न सकिने विषय हुँदै होइन । स्वयंसिद्ध गण्डकी महिमा विम्वात्मक रूपमा यस्तो पाइन्छ :-

"रवीन्दुक्षये त्वं कुरुक्षेत्रधामा,
सदा माघमासे प्रयागेणतुल्या ।
पितृश्राद्धकाले गयापुण्यदात्री,
मृतौ काशिकामुक्तिदाकसि प्रसिद्धा ॥"

अर्थात्, सूर्य र चन्द्र ग्रहणमा स्नान गर्दा कुरूक्षेत्रमा नुहाएको फल मिल्ने, माघ महिनामा स्नान गर्दा तीर्थराज प्रयागमा स्नान गरेको फल मिल्ने, पितृश्राद्धादि कर्ममा गयाश्राद्धको फल मिल्ने र गण्डकी किनारमा देह त्याग वा शवदाहादि कर्म गर्दा काशी विश्वनाथले जस्तो मुक्ति दिन समर्थ कालीगण्डकी प्रसिद्ध छन् ।

मोक्षदायिनी कालीगण्डकी र शालग्राम शिलाको महिमा केही उपनिषद्हरू, श्रीमद्भागवत, अन्य पुराणहरू, महाभारत, आनन्दरामायण, मुक्तिक्षेत्र माहात्म्य, मुकुन्दमालास्तोत्र लगायत ग्रन्थहरूमा प्रसस्तरूपमा

पाइन्छन् ।

"शालग्रामसमीपे तु क्रोशमात्रं समन्ततः ।
कीटोकपि म्रियते याति वैकुण्ठभुवनं ध्रुवम् ॥
पशुपक्षिमृगा मर्त्या वृक्षा ग्रावास्तृणानि च ।
तज्जलस्पर्शनादेव गच्छन्ति स्वर्गमुत्तमम् ॥"

मुक्तिक्षेत्रमाहात्म्यबाट उद्धृत यस श्लोकमा शालिग्रामशिलाको एक कोश दुरी वरपर कुनै किरा मऱ्यो भने पनि वैकुण्ठलोक प्राप्त गर्दछ । पशु, पंक्षी, वन्यजन्तु, वृक्ष, पत्थर र झार समेत कालीगण्डकीको जल स्पर्श मात्रले समेत स्वर्गलोक प्राप्त गर्दछन् भनेर बताइएको छ ।

"शालग्रामशिलारूपो तव गर्भगतः सदा ।
स्थास्यामि तव पुत्रत्वे भक्तानुग्रहकारणात् ॥"

वराहपुराणमा वर्णित यस श्लोकमा विष्णु भगवान् स्वयंले आफू गण्डकी पुत्रको रूपमा शालग्राम शिला भएर भक्तहरूको अनुग्रहका निम्ति गण्डकीको गर्भमा सदा रहनेछु भन्नुभएको छ ।

गुल्मी जिल्लामा जन्मिनुभएका संस्कृतविद्वत् विभूषण पण्डित श्री उमानाथ पन्थीले कालीगण्डकीकै महिमा वर्णन गरेर गण्डकीगौरव नामक संस्कृत काव्य समेत रचना गर्नुभएको छ ।

"तव गर्भसमुद्भवाः शिला भजता चक्रिसरूपताकक्प्यते ।
जनयित्रि न मेकत्र संशयस्तव योगादितरा सरिद्यथा ॥"

काव्यको उदाहरणस्वरूप उद्धृत उपर्युक्त श्लोकमा पण्डित उमानाथ पन्थीले 'हे गण्डकी ! श्रद्धापूर्वक नित्य तिम्रो गर्भबाट उत्पत्ति भएका शालिग्रामशिला पूजा गर्ने मानिसहरू अन्त्यमा भगवत्सारूप्यमुक्ति प्राप्त गर्दछन् यसमा कुनै संशय छैन' भनेर गण्डकीको महिमा बताउनुभएको छ ।

त्यस्तै, भविष्योत्तरपुराणमा भगवान् श्रीकृष्ण र युधिष्ठिरको संवादमा गण्डकी माहात्म्य अन्तर्गत निम्नानुसार अनुष्टुप छन्दको ३२ श्लोकमा रहेको शालग्राम (शालिग्राम) स्तोत्र समेत लोक प्रसिद्ध रहेको छ । जसमा शालग्राम शिलाको रूप, लक्षण, प्रतीक चिन्ह, महत्त्व, विधि, निषेध आदि सबै कुराको निरूपण भगवान् श्रीकृष्ण स्वयंले गर्नुभएको छ–

अस्य श्रीशालग्रामस्तोत्रमन्त्रस्य श्रीभगवान् ऋषिः नारायणो देवता, अनुष्टुप् छन्दः श्रीशालग्रामस्तोत्रमन्त्रजपे विनियोगः ॥

युधिष्ठिर उवाच :–
श्रीदेवदेव देवेश देवतार्चनमुत्तमम् ।
तत्सर्वं श्रोतुमिच्छामि ब्रुहि मे पुरुषोत्तम ॥१॥

श्रीभगवानुवाच :–
गण्डक्यां चोत्तरे तीरे गिरिराजस्य दक्षिणे ।
दशयोजनविस्तीर्णा महाक्षेत्रवसुन्धरा ॥२॥
शालग्रामो भवेद्देवो देवी द्वारावती भवेत् ।

उभयोः सङ्गमो यत्र मुक्तिस्तत्र न संशयः ॥३॥
शालग्रामशिला यत्र यत्र द्वारावती शिला ।
उभयोः सङ्गमो यत्र मुक्तिस्तत्र न संशयः ॥४॥
आजन्मकृतपापानां प्रायश्चित्तं य इच्छति ।
शालग्रामशिलावारि पापहारि नमोऽस्तु ते ॥५॥
अकालमृत्युहरणं सर्वव्याधिविनाशनम् ।
विष्णोः पादोदकं पीत्वा शिरसा धारयाम्यहम् ॥६॥
शङ्खमध्ये स्थितं तोयं भ्रामितं केशवोपरि ।
अङ्गलग्नं मनुष्याणां ब्रह्महत्यादिकं दहेत् ॥७॥
स्नानोदकं पिवेन्नित्यं चक्राङ्कितशिलोद्भवम् ।
प्रक्षाल्य शुद्धं तत्तोयं ब्रह्महत्यां व्यपोहति ॥८॥
अग्निष्टोमसहस्राणि वाजपेयशतानि च ।
सम्यक् फलमवाप्नोति विष्णोर्नैवेद्यभक्षणात् ॥९॥
नैवेद्ययुक्तां तुलसीं च मिश्रितां विशेषतः पादजलेन विष्णोः ।
योऽश्नाति नित्यं पुरतो मुरारेः प्राप्नोति यज्ञायुतकोटिपुण्यम् ॥१०॥
खण्डिताः स्फुटिता भिन्ना वह्निदग्धास्तथैव च ।
शालग्रामशिला यत्र तत्र दोषो न विद्यते ॥११॥
न मन्त्रः पूजनं नैव न तीर्थं न च भावना ।
न स्तुतिर्नोपचारश्च शालग्रामशिलार्चने ॥१२॥
ब्रह्महत्यादिकं पापं मनोवाक्कायसम्भवम् ।
शीघ्रं नश्यति तत्सर्वं शालग्रामशिलार्चनात् ॥१३॥
नानावर्णमयं चैव नानाभोगेन वेष्टितम् ।
तथा वरप्रसादेन लक्ष्मीकान्तं वदाम्यहम् ॥१४॥
नारायणोद्भवो देवश्चक्रमध्ये च कर्मणा ।
तथा वरप्रसादेन लक्ष्मीकान्तं वदाम्यहम् ॥१५॥
कृष्णे शिलातले यत्र सूक्ष्मं चक्रं च दृश्यते ।
सौभाग्यं सन्ततिं धत्ते सर्व सौख्यं ददाति च ॥१६॥
वासुदेवस्य चिह्नानि दृष्ट्वा पापैः प्रमुच्यते ।
श्रीधरः सुकरे वामे हरिद्वर्णस्तु दृश्यते ॥१७॥
वराहरूपिणं देवं कूर्माङ्गैरपि चिह्नितम् ।
गोपदं तत्र दृश्येत वाराहं वामनं तथा ॥१८॥
पीतवर्णं तु देवानां रक्तवर्णं भयावहम् ।
नारसिंहो भवेद्देवो मोक्षदं च प्रकीर्तितम् ॥१९॥
शङ्खचक्रगदाकूर्माः शङ्खो यत्र प्रदृश्यते ।
शङ्खवर्णस्य देवानां वामे देवस्य लक्षणम् ॥२०॥
दामोदरं तथा स्थूलं मध्ये चक्रं प्रतिष्ठितम् ।
पूर्णद्वारेण सङ्कीर्णा पीतरेखा च दृश्यते ॥२१॥
छत्राकारे भवेद्राज्यं वर्तुले च महाश्रियः ।
चिपिटे च महादुःखं शूलाग्रे तु रणं ध्रुवम् ॥२२॥
ललाटे शेषभोगस्तु शिरोपरि सुकाञ्चनम् ।
चक्रकाञ्चनवर्णानां वामदेवस्य लक्षणम् ॥२३॥
वामपार्श्वे च वै चक्रे कृष्णवर्णस्तु पिङ्गलम् ।
लक्ष्मीनृसिंहदेवानां पृथग्वर्णस्तु दृश्यते ॥२४॥
लम्बोष्ठे च दरिद्रं स्यात्पिङ्गले हानिरेव च ।
लग्नचक्रे भवेद्याधिर्विदारे मरणं ध्रुवम् ॥२५॥
पादोदकं च निर्माल्यं मस्तके धारयेत्सदा ।
विष्णोर्दृष्टं भक्षितव्यं तुलसीदलमिश्रितम् ॥२६॥
कल्पकोटिसहस्राणि वैकुण्ठे वसते सदा ।
शालग्रामशिलाबिन्दुर्हत्याकोटिविनाशनः ॥२७॥
तस्मात्सम्पूजयेद्ध्यात्वा पूजितं चापि सर्वदा ।
शालग्रामशिलास्तोत्रं यः पठेच्च द्विजोत्तमः ॥२८॥
स गच्छेत्परमं स्थानं यत्र लोकेश्वरो हरिः ।
सर्वपापविनिर्मुक्तो विष्णुलोकं स गच्छति ॥२९॥
दशावतारो देवानां पृथग्वर्णस्तु दृश्यते ।
ईप्सितं लभते राज्यं विष्णुपूजामनुक्रमात् ॥३०॥
कोट्यो हि ब्रह्महत्यानामगम्यागम्यकोटयः ।
ताः सर्वा नाशमायान्ति विष्णुनैवेद्यभक्षणात् ॥३१॥
विष्णोः पादोदकं पीत्वा कोटिजन्माघनाशनम् ।
तस्मादष्टगुणं पापं भूमौ बिन्दुनिपातनात् ॥३२॥
श्री भविष्योत्तरपुराणे श्रीकृष्णयुधिष्ठिरसंवादे गण्डकीमाहात्म्ये शालग्रामस्तोत्रम् सम्पूर्णम् ॥
श्री भविष्योत्तरपुराणे श्रीकृष्णयुधिष्ठिरसंवादे गण्डकीमाहात्म्ये शालग्रामस्तोत्रम् सम्पूर्णम् ॥

यस्तो परमपवित्र गण्डकी क्षेत्रभित्र जन्मन वा बस्न पाउनु हाम्रो अहोभाग्य हो । यही पावन धरामा जन्मेर पनि कालीगण्डकीको महत्त्व बुझ्न नसकेका हामीहरू आफ्नो सुगन्ध पत्ता लगाउन नसकेर भौतारिने कस्तुरी जस्तै भएका छौँ । यिनको थोरै मात्र पनि महत्त्व बुझेर अनुशरण गरियो भने सर्वेश्वर भगवान् शालग्रामका कृपाले

हाम्रो जीवन धन्य र मृत्यु सार्थक हुनेछ भन्ने ध्येय अनि रूरू हृषिकेश भगवानको प्रेरणाबाट सबै स्थानीयबासीको जनजिब्रोमा सजिलै भिज्न सकोस् भनी गुल्मीमै जन्मिएको 'रोइला' लोकभजनको भाकामा केही शब्दरूपी पुष्पमाला उनै माता कालीगण्डकीका चरणकमलमा सभक्ति अर्पण गर्दछु ।

कालीगण्डकी महिमा (रोइला भजन)

मुक्तिनाथ देवघाट, हृषिकेश रूरू-
नारायणको गालाबाट भयो यात्रा सुरु ।१।
गण्डकीको महिमा- छैन केही सीमा-
गण्डकीको महिमा...छैन केही सीमा-
गण्डकीको महिमा... छैन केही सीमा-
गण्डकीको महिमा-
हरिहर- रूरूक्षेत्र- मुक्तिक्षेत्र, जाउँला-
कालीगंगा नुहाएर पवित्र भै आउँला ।२।
गण्डकीको महिमा-
छैन केही सीमा- गण्डकीको महिमा... ३
दामोदर कुण्डदेखि- देवघाटसम्म ।
शालीग्राम उब्जाउँछ्यौ थरिथरि टम्म ।३।
गण्डकीको महिमा-
छैन केही सीमा- गण्डकीको महिमा...३
सूर्य चन्द्र ग्रहणमा कुरूक्षेत्र जस्ती,
तिम्रो जलको कोशौँसम्म पावन गाउँबस्ती ।४।
गण्डकीको महिमा-
छैन केही सीमा- गण्डकीको महिमा.. ३.
कागवेनी, रूद्रवेणी त्रीवेणीधाम सुस्ता ।
श्राद्ध गर्दा तृप्त हुन्छन् आफ्ना चौध पुस्ता ।५।
गण्डकीको महिमा-
छैन केही सीमा- गण्डकीको महिमा... ३
जड भरतले यहीँबाट मोक्ष प्राप्त गरे ।
एकैपल्ट जस्ले न्वाए, भवसागर तरे ।६।
गण्डकीको महिमा-
छैन केही सीमा- गण्डकीको महिमा... ३
श्रीहरिको पसिना भै- बग्दै आइन् काली ।
भक्तिभाव टक्राउछौँ- मनको बत्ती बाली ।७।
गण्डकीको महिमा-
छैन केही सीमा- गण्डकीको महिमा... ३
देवघाट पाउमा छन्, शिरमा मुक्तिनाथ ।
कल् कल् बग्ने कालीगंगा, भुक्तिमुक्ति साथ ।८।
गण्डकीको महिमा-
छैन केही सीमा- गण्डकीको महिमा... ३
देवदत्त, पराशर- वाल्मीकिको भूमि ।
ध्यान ज्ञानको सिद्धि दियौ- बग्दै घुमिघुमी ।९।
गण्डकीको महिमा-
छैन केही सीमा- गण्डकीको महिमा...
छैन केही सीमा- गण्डकीको महिमा...❖

-रूरूक्षेत्र -४ गुल्मी, हाल हर्मन हिमालय सिरिया

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो। जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्क: ९८०८२९७४८५, ९८४१२०४००६

प्रकृति : अध्यात्मको जागरण

-आचार्य सुरज कौण्डिन्य पराजुली

प्राचीनकालदेखि हाम्रो सभ्यताले प्रकृतिलाई केवल एउटा जड वस्तुका रूपमा होइन, दिव्यशक्ति र चेतनाको मूर्त स्वरूपमा स्वीकारेको छ । ब्रह्माण्डको सृष्टि र प्रवाहको मूलआधार नै प्रकृति (प्रकृतिशक्ति) हो, जसलाई ऋग्वेदमा 'प्रकृति देवी' र उपनिषद्हरूमा 'माया' अथवा 'शक्ति' को रूपमा सम्मान गरिएको छ । प्रकृति भनेको केवल बाहिरी दृश्य मात्र नभएर यो त भित्री अन्तर आत्माको अनुभूति पनि हो । श्रीमद्भागवतमहापुराणलगायतका ग्रन्थानुसार जब जब मानव लोभ, लालच र अधर्मका कारण प्रकृतिमाथि अत्याचार गर्दछ, समाजलाई असन्तुलित बनाउँदछ, तव स्वयं प्रकृति(धर्ती) नै गाईको रूप धारण गरी भगवान्सँग पुकार गर्दछिन्, तव भगवान्को अवतार हुन्छ र अवतारका कथा शुरू हुन्छन्- राम, कृष्ण, नृसिंह, मत्स्य, वराह आदि ।

पुराणहरूमा वर्णन भएअनुसार ब्रह्माण्डको सृष्टिकालमा ब्रह्मा जब सृष्टि गर्न थाल्दछन्, तब 'शक्ति' अर्थात् प्रकृति उनको साथमा अनिवार्य रूपमा रहन्छिन् । श्रीमद्देवीभागवतपुराणमा भनिएको छ शिव(चेतना) निष्क्रिय हुन्छ । शक्ति (प्रकृति) विना चेतनाले कार्य गर्न सक्दैन । यसरी प्रकृति र आत्मा(शिव) एक अर्काका पूरक हुन् । यही दैवी सम्बन्धले हाम्रो जीवनलाई अर्थ दिन्छ ।

ऋग्वेदमा प्रकृति सजीव देवीको रूपमा वर्णित छ । अग्नि, वायु, वरूण, सोम, उषा जस्ता प्राकृतिक तत्त्वहरूलाई देवता मानिएको छ । प्रकृति, शक्ति र ऊर्जा सबैलाई ऋषिहरूले वेदात्मक मन्त्रहरूमा अभिव्यक्त गरेका छन् । ऋग्वेद १.१.१ मा अग्निलाई यसरी पुकारिन्छ-

"अग्निमीडे पुरोहितं यज्ञस्य देवमृत्विजम्...।"

अग्नि केवल अग्नि होइन । उनी त हुन ऊर्जा, जीवन, आत्मा र प्रकृति । आत्माज्ञान शुरू हुनु अघि अहंकारको अन्धकारलाई जलाउनु अत्यावश्यक हुन्छ, जसलाई जलाउने कार्य ज्ञानाग्निले गर्दछ । त्यो अग्नि जो विश्वको ऊर्जा र परिवर्तनको मूख्य वाहक पनि हो ।

अरण्याणी देवी वनकी आत्मा हुन् (ऋग्वेद १०।१४६), जसलाई ऋग्वेदमा शान्त र स्वच्छन्द स्वरूपमा पूजा गरिएको छ । वन, काठ र पातहरूमात्र नभई तपस्या र आध्यात्मको स्थल हो । वनस्पतिहरूलाई पूजा गर्ने संस्कारले हाम्रो सांस्कृतिक र आध्यात्मिक पहिचानलाई बलियो बनाएको छ । बृहदारण्यकोपनिषद्ले सबै जीवित प्राणीलाई ब्रह्मको अभिव्यक्ति बताएको छ । आत्मा (आत्मिक चेतना) र प्रकृति (शरीर तथा जगत्) एक अर्कासँग घनिष्ठ सम्बन्धमा छन् । ऋषि भारद्वाजले आफ्ना मन्त्रहरू वनभित्र, वटवृक्षमुनि बसेर लेखे । ऋषि वसिष्ठलाई वरूणले स्वयं नदी किनारमा दीक्षा दिए । ऋषि अत्रिले चन्द्रमा र पृथ्वीबीचको ऊर्जा सन्तुलन बुझेर "त्रैगुण्य तत्त्व"को व्याख्या गरे ।

रामले वनवास पाएका थिए तर त्यो कुनै दण्ड थिएन । वनमा प्रवेश गर्नु भनेको राजाभाव र अहंकार त्यागेर धर्म, करूणा र ब्रह्मसाक्षात्कारतर्फको यात्रा शुरू गर्नु हो । त्यही वन, जहाँ सीताले "शिवधनुष" कथा सुनेकी थिइन्, त्यही वन जहाँ लक्ष्मण वटवृक्षमुनि निदाउँछन्, त्यही वन जहाँ हनुमान र ऋषि श्रृङ्ग संवाद गर्छन् । वन केवल वृक्षहरूको जमात होइन यो त हो ऋषिहरूको ध्यानको जीवित स्मृति हो । राम वन गएर राजा होइन ऋषिसँग ज्ञान लिने शिष्य बन्नुभयो, अत्रि अनुसुया आदि तपस्विनीहरूसँग भेट गर्नुभयो जसले रामलाई प्रकृति सिकाए, प्रकृति बुझाए, त्यागको परिभाषा बताए र प्रकृतिको सेवा गराए । महाभारतको अरण्यपर्व होस् वा रामायणको वनवास प्रसङ्ग, परम भक्त ध्रुवको वन गमननै किन नहोस, वन केवल शरणस्थल

होइन आत्मचिन्तनको उत्तमक्षेत्र हो भन्ने प्रष्ट हुन्छ ।

भागवतको सातौं स्कन्धमा भगवान्का परम भक्त प्रह्लाद भन्नुहुन्छ– "पृथ्वीमा आघात नगर, जललाई अशुद्ध नगर, वनस्पतिको रक्षा गर, तिमी जहाँ छौ, त्यहीं भगवान् छन् । त्यसैलाई चिन ।" यो दृष्टिकोण ऋषिदृष्टि हो ।

सर्वं खल्विदं ब्रह्म । –छान्दोग्योपनिषद् ३.१४.१

अर्थात्, सम्पूर्ण जगत् ब्रह्म नै हो । विवेकपूर्ण मनुष्यले प्रकृतिका स्वरहरू, वनस्पतिहरूको मौनता र नदीसरिताको अनवरत प्रवाहबाट आफ्नो आत्मा महसुस गर्दछन् । प्रकृतिको प्रत्येक तत्त्व आत्माको दर्पण हो, जसले सत्य र अनन्तताको अनुभूति गराउँछ ।

देवीभागवत, पद्मपुराण, ऋग्वेद आदिले प्रकृतिलाई नारीस्वरूपको दिव्यता दिएका छन् । "उषाअश्वैः पुरः सरत्..." (ऋग्वेद १।१२३।१) अर्थात् प्रकृति स्वरूपा उषादेवी सूर्यको रथ तानेर ल्याउँछिन् र अन्धकारलाई हटाउँछिन् तब जगत् निद्राबाट बिउँझन्छ "उत्तिष्ठत जाग्रतप्राप्यवरान्निबोधत..." (कठोपनिषद् १.३.१४) को उपदेशलाई स्वीकार गर्दछ । हिमालय पर्वत जसले गङ्गा, कैलाश र मानसरोवरलाई आशीर्वाद दिन्छन् । स्कन्दपुराणमा गङ्गानदीलाई शुद्धि र मोक्षको स्रोतको रूपमा स्थापित गरिएको छ । नदी, वन, हिमाल यी सबै प्रकृतिका अवयवहरू देवीदेवतासँग अविच्छेद्य सम्बन्ध राख्दछन् । जब ब्रह्माले सृष्टि गर्न खोजे तव उनी आफैं अनिश्चित थिए । त्यस क्षण आदिशक्ति स्वयं प्रकृतिस्वरूपा बनेर प्रकट भइन् ।

"शक्तिः करोति ब्रह्माण्डं सा वै पालयतेऽखिलम् ।
इच्छया संहरत्येषा जगदेतच्चराचरम् ॥"

–श्रीमद्देवीभागवत १।८।३७

यहाँ प्रकृति आदि शक्ति जगत्को चेतन स्रोत बनेर प्रकट हुन्छिन् । शक्तिकै इच्छानुसार जगत्को सृष्टि, स्थिति र संहार हुने कुरा दुई मत छैन । देवी केवल बाहिरी रूप होइनन् उनी धरा(माटो)को आत्मा हुन् । ऋषिमुनिहरू वनको काखमा बसेर अध्यात्मको गहिराइमा डुबेका थिए । वाल्मीकि, व्यास, विश्वामित्र, अगस्त्य जस्ता ऋषिहरूको तपस्थली वननै थियो । वनको मौनता, पवनको संगीत, पंक्षीको गीतमा ऋषिहरूले ब्रह्मको अनुभूति गरेका थिए । रामायण, महाभारत र पुराणहरूको सिर्जना वनको गहिरो प्रेम र ध्यानबाट नै सम्भव भएको हो ।

'रूद्र' नामका देवताका बारेमा वेदमा धेरै वर्णन पाइन्छन् । उनी वनका संरक्षक, पशुपालक भएको प्रसङ्ग पनि आउँछ । तर त्यही रूद्रलाई पछि शिवको रूपमा पनि चित्रण गरिएको छ । जो हिमालयको एकान्त तपस्वी हुन्, जसको गात्रमा चन्द्र र गङ्गा, ध्यानमा सम्पूर्ण विश्वब्रह्माण्ड समेटिएको छ । यसरी हरेक वैदिक देवता, अन्ततः प्रकृतिसँग एकाकार भएको अनुभूति गर्न सकिन्छ ।

शास्त्रहरूमा यदि कसैले वन नष्ट गर्छ, जल अपवित्र बनाउँछ वा पवित्र जीव-जन्तुहरूको हत्या गर्छ भने त्यसको प्रायश्चित केवल मन्त्र जप होइन अपितु त्यसले वृक्षहरू रोपेर, जल शुद्ध गरेर, पशुहरूलाई संरक्षण गरेर मात्र शुद्ध हुन्छ भनेर बताइएको छ ।

"वृक्षैकं रोपयित्वा च कोटि तीर्थफलं लभेत ।"

अर्थात् एक रूख रोप्दा नै कोटि तीर्थमा स्नान गरे बराबर पुण्य हुन्छ । यी यस्ता महापुराणहरूका गहन विचार हरूले प्रकृति र जीवनको सम्बन्धका बारेमा पुष्टि गर्दछन् ।

"ईशावास्यमिदं सर्वं यत्किञ्चजगत्यां जगत्..."

–ईशावास्योपनिषद् १.१

अर्थात् यो संसार ईश्वरमय छ । त्यसैले त प्रकृतिका हरेक वस्तु वा प्राणी ईश्वर हुन् । त्यसैले त हामी ढुङ्गामा देवता पुज्छौं, जलमा वरूणलाई खोज्छौं, आगोमा देवताको शीतल प्रकाश पाउँछौं, वायुकै भरमा बाँचेका छौं । यो उपनिषद् मन्त्र केवल दर्शन होइन, जीवनदर्शनको परम घोषणा पनि हो कि सारा जगत ईश्वरमय छ । जब हामी वन हेर्छौं, नदी सुन्छौं, आकाशमा जूनको उज्यालो हेर्छौं, हामी केवल दृश्य हेर्दैनौं, हामी एक अदृश्य ईश्वरीय तत्त्वसँग साक्षात्कार गर्दछौं । अध्यात्म भनेको यही साक्षात्कार हो, त्यो बुझाइ, जहाँ प्रकृति र आत्मा एकअर्कामा मिल्दछन् ।

"आत्मावा अरे द्रष्टव्यः, श्रोतव्य, मन्तव्यः, निदिध्यासितव्यः ।"

–बृहदारण्यकोपनिषद् २।४।५

ध्यान त्यो हो जहाँ प्रकृति र आत्माको तदात्म्यता हुन्छ । त्यसैले त उपनिषद्को उल्लेखित ऋचाले आत्मानुभूति गर्ने तरिका सिकाएको छ । यहाँ सुन्नु, मनन गर्नु, निदिध्यासनादि गर्नु भनिएको छ । यो केवल प्रकृतिसँगको सहकार्यमा मात्र सम्भव छ । त्यसैले त ऋषिहरू वन गए, वृक्षका मुनी बसे, नदीको तीरमा रहेको प्रकृतिको काखमा खेले ।

प्रकृतिपूजाको उदाहारण सनातन वैदिक परम्परामा प्रशस्त पाइन्छन् । अझ धेरै प्रकृतिको नजिक रहेर यसको गहिरो अध्ययन हाम्रा ऋषिहरूले गर्नुभएको थियो । वेदपुराणका प्रसङ्गमा प्रकृति चित्रण नभएको अध्याय वा खण्ड सायदै कतै पाइएला । यदि पुराण, वेद, इतिहास, साहित्य आदिबाट प्रकृतिको अस्तित्व निकालिदिने हो भने ती सबै ग्रन्थहरू मूर्धा समान हुनेछन् । ऋषिमहर्षि सबैको तपस्थली प्राय प्रकृतिकै काखमा रहेको छ । वन, नदी, तलाउ, चरा, पहाड गुफा आदिमा नै उनीहरूले आफ्नो अस्तित्वलाई प्राप्त गरे । सनातन वैदिक पररम्पराका सबै संस्कारहरू प्रकृतिसँग तादम्यता राखेकै पाउँदछौँ । संस्कार होस या आत्मचिन्तन, जीवनशैली होस् या बाँच्ने आधारभूत आवश्यकता प्रकृतिभन्दा बाहिर सायद कुनै पनि कुरा सम्भव छैन भन्दा अत्युक्ति नहोला ।

आज हामी शहरीकरण, तीव्र प्रविधि र उपभोगको भीडमा हराउँदै गएका छौँ । तर हाम्रो आत्माले अझै पनि वनको मौन पुकार सुनेको छ । हामी जतिसुकै प्रविधिसँग जोडिऊँ, हाम्रो प्राण भने त्यही वृक्ष, सूर्य, आकाश, जल आदि प्रकृतिसँग बाँधिएको छ । त्यसैले अहिलेको अध्यात्म केवल धर्मशास्त्र पढेर होइन, प्रकृतिमा फर्किएर पुनः आत्मा चिन्ने अभ्यासबाट सुरू हुनुपदर्छ । वृक्षका पातझर्दा, ऋतु फेरिँदा, चन्द्र उदाउँदा, सूर्य झुल्किँदा आदि प्रकृतिका परिवर्तन सँग-सँगै हाम्रो भित्रपनि केही न केहि बदलिन्छ, अवश्य बदलिन्छ । यही परिवर्तनको आवाज सुनिनु, बुझ्नु वा महसुस गर्नु यही हो प्रकृति र अध्यात्मको जागरण ।

आजको औद्योगिकीकरण र शहरीकरणले प्रकृतिसँग हाम्रो सम्बन्ध टाढा पारेको छ । हामीले नदीलाई जलविद्युत, वनलाई काठका स्रोतका रूपमा मात्र हेर्ने प्रवृत्ति विकास गरेका छौं । तर, यसले हाम्रो मनोवैज्ञानिक र आध्यात्मिक तृप्तिमा कमी ल्याएको छ । प्राकृतिक सन्तुलन गुमाउनु भनेको आत्मिक सन्तुलन गुमाउनु हो । तसर्थ अब पुनःजागरणको आवश्यकता छ । प्रकृति र अध्यात्मबीचको गहिरो सम्बन्धलाई पुनःपहिचान गर्न आवश्यक छ । वनलाई मात्र आर्थिक स्रोत नभई ध्यानको स्थल, नदीलाई मात्र जल स्रोत नभई शुद्धिको चिन्हको रूपमा हेर्नुपर्छ । ऋषिमुनिहरूले जस्तै प्रकृतिको सान्निध्यमा बसेर हामीले पनि आत्मा र प्रकृतिको एकाकार अनुभूति गर्नुपदर्छ ।

एक्काइसौँ शताब्दिको यान्त्रिक जीवनशैलीले बिस्तारै हामीले बिर्सन थालेका छौँ कि हामी प्रकृतिको अङ्ग हौँ, त्यसका सन्तान हौँ । वृक्ष, नदी, हावा, सूर्य र पृथ्वी यी सबै हाम्रा अस्तित्वका मौन आधार हुन् । तर, ती मौनताभित्र एउटा आवाज छ, जुन अध्यात्मको आवाज हो । अध्यात्म भन्नाले केवल धर्म वा पूजा मात्र होइन, बरू आत्मा र सृष्टिसँगको सम्बन्धको अनुभूति हो । जब हामी एक सुन्दर फूल हेर्छौँ, शुद्ध वायु श्वासमा लिन्छौँ वा एक पवित्र नदीको छेउमा बस्छौँ, तब त्यो क्षणमा हाम्रो मनमा शान्ति आउँछ, त्यही शान्ति अध्यात्मको शुरुवात हो ।

त्यसैले, आजको दिनदेखि केही समय प्रकृतिमा बिताउँ, प्रकृतिको संरक्षण गरौँ र हाम्रा चालचलनहरूमा सादगी अपनाउँ । यो नै हाम्रो सच्चा आध्यात्मिक अभ्यास हुनेछ । जहाँ हामी केवल आफूलाई मात्र होइन, सम्पूर्ण सृष्टिलाई पनि चिन्न सक्नेछौँ ।

प्रकृति र अध्यात्म एक अर्काका पूरक हुन् । प्रकृतिको संरक्षण विना आत्माको संरक्षण असम्भव छ । पुराण, वेद, उपनिषद् सबैले यही शिक्षा दिएका छन् कि प्रकृतिमा आत्मा छ र आत्मामा प्रकृति । आत्मवत् सर्वभूतेषु हितोपदेशको ज्ञान दिने हाम्रा शास्त्रहरूले सबैको महत्त्व बराबर(समान) प्रष्ट्याएका छन् । तर हामीले एकको अस्तित्व स्वीकार गरिरहँदा अर्काको अस्तित्व बिर्सनु ठूलो भूलबाहेक अरू केही होइन ।❖

चावहिल -७- काठमाडौं, नेपाल

सन्दर्भग्रन्थसूची:

१. ईशादिदश उपनिषद्,(२०७३) डा. स्वामी रामानन्दगिरि, महेश संस्कृत गुरूकुलम्
२. ऋग्वेदसंहिता,(२०७४) डा. प्रसन्न चन्द्र गौतम, विद्यार्थी पुस्तक भण्डार
३. छान्दोग्योपनिषद्, गीताप्रेस गोरखपुर
४. बृहदारण्यकोपनिषद्, गीताप्रेस गोरखपुर
५. महाभारत,(२०६७) गीताप्रेस गोरखपुर,
६. श्रीमद्भागवतमहापुराण,(२०७५), गीताप्रेस गोरखपुर
७. श्रीमद्भागवतज्ञानरत्नमाला,(२०७८) सुरज कौण्डिन्य शास्त्री, गुडविल प्रकाशन, कलङ्की नेपाल
८. श्रीमद्देवीभागवतमहापुराण,(२०७५)गीताप्रेस गोरखपुर
९. श्रीमद्वाल्मीकीय रामायण,(२०७३) गीताप्रेस गोरखपुर ।

(भुलसुधारः गौरी मासिकको गत जेठ अंकको 'वर पीपलः धर्म र विज्ञान' लेखमा लेखक आचार्य सुरज कौण्डिन्य पराजुली हुनुपर्नेमा अन्यथा पर्न गएकोमा सच्याइएको छ ।)

मेथीको उपयोगिता

–डा. किशोरनारायण श्रेष्ठ

मेथी अधिकांश नेपालीहरूको लागि कुनै नौलो चिज होइन । नेवारी समुदायमा त भोज हुँदा यसको विभिन्न परिकार बनाएर खाने चलनै छ । मसलाका लागि मात्र नभई मेथी विभिन्न औषधिहरूको रूपमा पनि प्रयोग गर्न सकिन्छ । कम दाममा उपलब्ध हुने भएकोले यसमा विद्यमान औषधिका गुणहरू थाहा पाइराख्न सकेमा विभिन्न रोग हुँदा न्यूनतम खर्चमा रोगहरूबाट सहजै छुटकारा पाउन सकिन्छ ।

मेथीको बीज एवम् साग दुवै औषधिको रूपमा प्रयोग गर्न सकिन्छ । विशेषगरी नेपाली, भारतीय एवम् अमेरिका निवासीहरूमा मसलाको रूपमा यसलाई धेरै अघिदेखि प्रयोग गर्दै आइरहेको पाइएको छ । पूर्वीय युरोप, इथिओपिया तथा भूमध्य सागरीतट वाली आदिमा पनि यसको व्यापक प्रयोग अनादिकालदेखि भएको पाइन्छ ।

१०० ग्राम मेथीको पातमा ८६.१ प्रतिशत प्रोटिन, ०.९ प्रतिशत तेल, १.५ प्रतिशत खनिज, १.१ प्रतिशत फाइवर तथा ६.० प्रतिशत कार्बोहाइड्रेट पाइन्छ । यसमा पाइने मुख्य मिनरल तथा भिटामिनहरू क्याल्सियम, फोस्फरस, फलाम, काएरोटिन, थायामिन, रिबोफ्लाविन, नियसिना र भिटामिन सी हो । यसको व्यालोरोफिक भ्यालू ४९ छ ।

यसको १०० ग्राम बीउमा पानी १३.७ प्रतिशत, प्रोटिन २३ प्रतिशत, तेल ५.८ प्रतिशत, फाइवर ७.२ प्रतिशत र कार्वोहाइड्रेट ४.४ प्रतिशत पाइन्छ । यसमा पाइने मुख्य मिनरल तथा भिटामिनहरू क्यालसियम, फोस्फोरस, क्यरोटिन, विमायमाइन, रिबोफ्लाविन इत्यादि छन् । यसको बीउहरूमा विभिन्न अल्कालावाइडहरू पाइन्छ । यसको क्लोरिफिक भ्यालू ३३३ छ ।

विभिन्न विषमतामा मेथीको प्रयोग

कब्जियतमा : राति सुत्नु अगाडि १ देखि २ चम्चा मेथीको बीउ धुलो पारी खाने ।

जीउ दुखेमा : तेलमा मेथी फुराएर दुःखेको ठाउँमा लगाई मालिस गर्ने ।

श्वास गन्हाउनेमा : मेथी राखेर उमालेको पानीले कुल्ला गर्ने र दुई–चार दिन केही दाना मेथी खाने ।

डण्डिफोरमा: मुलतानी माटोमा मेथीको पाउडर घोलेर डण्डिफोर आएको ठाउँमा लेप लगाउने र २५-४० मिनेट पछि मनतातो पानीले पखाल्ने ।

अनुहारको पोतो : मेथीको बीउ १०/२० घण्टा भिजाउने र त्यसलाई मसिनो गरी पिंधेर अनुहारमा त्यो लेदोले बिस्तारै बिहान–बेलुकी मुख धुने । केही बेर लेदो दलिराखेर विस्तारै पानी राख्दै मुख धुने गरे पनि हुन्छ ।

स्वेत प्रदर : मेथीको गेडा उमालेको पानीले पाठेघर, योनी सफा गर्ने ।

टाउकोको चाया : मेथीको लेदोमा कागतीको रस राखी राम्ररी कपाल माड्ने र केहीबेर त्यसै राखी छाड्ने पछि मेथी उमालेको मनतातो पानीले पखाल्ने ।

घाँटी दुखेमा : मेथी उमालेको तातोपानीले दिनको ४/५ पटक कुल्ला गर्ने ।

अरुचि : नियमित मेथी खाने गर्नुपर्छ ।

अजीर्ण : एक ग्लास तातोपानीमा भुटेको मेथी एक चम्चा र आधा चम्चा धूलोमा आधा वीरेनुन राखी दिनको २/३ पटक पिउने ।

ज्वरो : १/२ चम्चा मेथीको धुलो पानीसँग खाने तर कमजोर मानिसले चाहिँ अलि धेरै कम मात्रा मात्र प्रयोग गर्नुपर्छ ।

मधुमेह : दैनिक मेथीको धूलो ०.५ चम्चादेखि २ चम्चा २/२ पटक खाने ।

पेटको घाउ : मेथीको रस शीतल प्रकृतिको भएकोले नियमित यसको सेवनले पेटमा हुने पोलाई तथा डाहालाई निकोपार्छ ।

रक्त कमी : मेथीको गेडा वा साग वा उसिनेको सूप नियमित खानुपर्छ ।

कफ : मेथी राखेर उमालेको पानी बारम्बार पिउने गर्नुपर्छ ।

खोकी लाग्ने खकार आइरहने : अदुवा, मह, कागतीमा मेथी राखी चिया बनाएर पिउने ।

मुख र जीब्रोमा घाउ : मेथी पिंधेर लेदो बनाएर मुखभित्र घाउ भएको ठाउँमा च्यापी राख्ने ।

जोर्नी दुखाइमा : मेथीलाई तेलमा फुराएर कालो गरिसकेपछि त्यसलाई पिंधेर धुलो बनाई तेलमा मिलाएर दुखेको ठाउँमा मालिस गर्ने ।

नाकले गन्ध थाहा पाउन छाडेमा : मेथीलाई उमालेर त्यसको वाफ लिने र मनतातो भइसकेपछि झोलले नाक सफा गर्ने ।

दूध बढाउन : सुजी वा गहुँको हलुवा बनाउँदा घ्यूमा मेथी फुराउने र यसरी बनाएको हलुवा नियमित खाने गरेमा सुत्केरीको दूध बढ्छ ।

पिनास : मेथीको वाफ लिने र मनतातो भइसकेपछि त्यसबाट नाक सफा गर्ने ।

हाड बलियो बनाउन तथा शरीर मजबुत बनाउन : मेथीको साग नियमित खानाले यसमा भएको प्रशस्त क्याल्सियम र आइरनले शरीर बलियो बनाउँछ ।

ग्याष्ट्रिक र आऊँमा : मेथीको चिया बनाएर खाने ।

सुत्केरीको स्याहार गर्न : मेथी फुराएको तेलले नियमित कलिलो घाममा बसी मालिस गर्नाले सुत्केरीको शरीर दिन-परदिन बलियो हुनाका साथै हर्मोनले पनि राम्ररी काम गर्न थाल्छ । जसले गर्दा आमाहरूको वृद्धि हुन गै नानीहरू पनि हृष्टपुष्ट हुन्छन् ।

मेथीले सुत्केरीको अवस्थाको संरक्षणदेखि लिएर नारी दुर्बलता,ज्वरो हटाउने, जोर्नीहरूको दुखाई, कफ, शोध आदि सबमा राम्रो फाइदा पुऱ्याउँछ ।❖

नयाँ विहानीको यात्रा

विपिन ढकाल

देशको सपना बोकी हातेमालो गरौँ ।
शान्ति र समृद्धिको पथलाई रोजौँ ॥

हिमाल पहाड तराईको आफ्नै आफ्नै कथा ।
आउ युवा मेटाउ है देशका सारा व्यथा ॥
मिलिजुली होस्टे हैसे गर्दै गरौ शृङ्गार ।
जताततै गुञ्जिएछ नेपाल आमाको गुहार ॥१॥

छर्नुपर्छ बगैंचाका फूल बनी सुवास ।
हाम्रो अस्त्र बनेको छ जोस, आट, साहस ॥ ॥
वर्षौंदेखि थिचिएका ती आवाजहरू ।
रङ्गाउनुपर्छ साथी यी समाजहरू ॥२॥

अन्धकार हराउँदै उज्यालोको यात्रा ।
शिक्षा, स्वास्थ्य, विकास र रोजगारका पाटा ॥
एकताको बीज रोपौँ सपना साकार बनाई ।
पसिना र श्रमले नेपाल सजाई ॥३॥

गरिबीको छाया अनि अशिक्षाको घाउ ।
भेदभावको जालोहरू सबैले हटाउ ॥
हृदयको तातो रगत देशकै लागि पोखौँ ।
स्वदेशमै समृद्धिका रङ्गहरू पोतौँ ॥४॥ ❖

- तुलसीपुर-१, दाङ

कोटिहोममा यज्ञको पूर्णाहुति

पोखरामा बैशाख १७ गतेबाट आरम्भ गरिएको श्रीगण्डकी शतकुण्डीय गायत्री कोटिहोम विराट ज्ञान महायज्ञको गत जेठ २६ गते पूर्णाहुति सहित विधिवत समापन गरिएको छ । चर्चित धर्मगुरू कालिदास बाबा (काली बाबा) ले यज्ञको पूर्णाहुति गर्नुभएको हो ।

यज्ञको पूर्णाहुति गर्न आउनुभएका काली बाबाले महायज्ञका सङ्कल्पकर्ता बालयोगेश्वर श्री विजय कृष्णमूर्तिजी महाराजलाई यज्ञ सम्राटको उपमा दिनुभयो । 'यति ठूलो कोटिहोम न हिजो भयो न भोलि हुन्छ । त्यो हिम्मत साथ बालयोगेश्वरले कोटिहोम गर्नुभयो' भन्दै उहाँले अगाडि भन्नुभयो 'यज्ञ सम्राट यज्ञ महापुरूषको रूपमा स्थापित हजुरलाई म कोटि कोटि नमन गर्दछु ।'

यज्ञको पूर्णाहुति गरिएसँगै हवन लगायतका पाठ परायणका सम्पूर्ण कार्य सोही दिन जेठ २६ गतेदेखि नै समापन गरिएको थियो । कोटीहोममा सहभागी भएका चार सय बढी ब्राह्मणलाई पनि सम्मानका साथ सोही दिन नै बिदाइ गरिएको छ । साथै व्रतबन्ध, चौरासी पूजासहित अन्य सम्पूर्ण कर्म पनि त्यसै दिनबाट समापन भएको छ ।

वैशाख १९ गते बिहान ६ बजेर ४५ मिनेटमा विधिवत् रूपमा अग्नि मथन, ७ बजेर १५ मिनेटमा यज्ञ कुण्डमा अग्नि प्रवेश, ७ बजेर १९ मिनेटमा अग्निमा समिधा दान र ८ बजेर ५ मिनेटमा अग्नि कुण्डमा आहुति प्रदान गरी हवन शुरू गरिएको थियो । कोटी होममा हवन कुण्डमा ३/३ जना ब्राह्मणले दिन दिनै भगवती गायत्री मन्त्र विधिबाट हवन गरेका थिए । कोटी होममा १०८ भागवत महापुराण पाठ परायण, ४ वेद पाठ परायण, सप्त चण्डी, अति रूद्री, मन्त्र जप लगायतको पाठपारायण गरिएको थियो । महायज्ञको विधिवत् पूर्णाहुति गरी अभिषेक र महाप्रसाद ग्रहण गरिएको थियो ।

यज्ञको पूर्णाहुतिसँगै भोलिपल्ट २७ गतेदेखि तिलक र भस्मका साथै बुकिङ गरिएका जल सहितका कलश पनि वितरण गरिएको थियो ।

सनातन धर्म सेवा समिति मोरङद्वारा सम्मान एवम् प्रवचन

सनातन धर्म सेवा समिति मोरङले २०८२ जेठ १ गते विराटनगरमा प्रवचन सभा एवम् सम्मान कार्यक्रम आयोजना गरेको छ । सो सभामा अनन्त विभूषित स्वामी श्री जगन्नाथाचार्यलाई "सनातन धर्म संस्कृति सम्मान २०८२" अर्पण गरियो । आचार्य स्वामी जगन्नाथले "जीव जगत् र परमेश्वर बीचको अन्तरसम्बन्ध" विषयमा विशेष प्रवचन प्रस्तुत गर्नुभएको थियो ।

सो समारोहका सभापति एवम् सनातन धर्म सेवा समिति मोरङका अध्यक्ष प्रा. कविराज न्यौपानेले संस्थाले देश विदेशमा रहेका विद्वान्हरूलाई विराटनगरमा आमन्त्रण गरी विभिन्न धर्मसभाहरू आयोजनामार्फत वैदिक सनातन संस्कृतिको संवर्धन गर्ने प्रयत्न गरिरहेको बताउनु भयो । समारोहका प्रमुख अतिथि कोशी प्रदेश सांसद एवम् विराटनगर महानगरपालिकाका पूर्वप्रमुख भीम पराजुलीले नेपाल वैदिक सनातन हिन्दु राष्ट्रको रूपमा रहनुपर्ने कुरा उल्लेख गर्दै त्यसका लागि सनातन संस्कृतिको संवर्धनमा योगदान पुग्ने यस किसिमका धर्म सभाहरू निरन्तर भैरहनु पर्ने बताउनु भयो । लक्ष्मीनारायण मन्दिर पाञ्चालीका पीठाधीश स्वामी अच्युत प्रपन्नाचार्यले स्वामी जगन्नाथाचार्यको व्यक्तित्व माथि प्रकाश पार्दै सनातन धर्म सेवा समिति मोरङले सन्त र विद्वान्हरूलाई आमन्त्रण गरेर सम्मान अभिनन्दन गर्ने कार्यले विराटनगर क्षेत्रको गरिमा अभिवृद्धि भएको बताउनुभयो ।

शेषनारायण दिव्यधाम गछिया मोरङका पीठाधीश डा. यतिराज आचार्यले वैदिक सनातन धर्मले व्यक्ति र समाजलाई सद्मार्गमा डोऱ्याउने बताउनुभयो ।

सनातन धर्म सेवा समिति मोरङका सचिव पं.

माधवप्रसाद काफ्लेले स्वामीज्यूलाई समर्पण गरिएको सम्मानपत्र वाचन गर्नुभएको थियो भने समितिका कोषाध्यक्ष शिरोमणि भट्टराईले सम्मानित व्यक्तित्वलाई संस्थाको तर्फबाट भेटी अर्पण गर्नुभएको थियो । प्रवचन एवम् सम्मान समारोहका कार्यक्रम संयोजक गोकुल अधिकारीले सनातन धर्म सेवा समिति मोरङले गत वर्षदेखि "सन्त सम्मान एवम् प्रवचन सभा" आयोजना गर्न थालेको र प्रस्तुत कार्यक्रम यस अभ्यासको पाँचौ श्रृंखला भएको बताउनुभयो ।

सम्मान प्रवचन अनि सनातन संस्कृतिसँग सम्बन्धित विभिन्न जिज्ञासा र जवाफमा केन्द्रीत यस अघिको श्रृंखलामा यस संस्थले डा. जगमान गुरूङ(काठमाडौं) डा. गोपालप्रसाद अधिकारी(वाराणसी), डा हरिशरण महाराजजी (गैडाकोट) र पं. भवानी शंकर निरौला (विराटनगर) लाई सम्मान एवम् उहाँहरूको विशेष प्रवचन प्रस्तुत गरिसकेको छ । सनातन धर्म सेवा समिति मोरङले विगत चार दशकभन्दा अघिदेखि सनातन संस्कृतिसँग सम्बन्धित विभिन्न गतिविधि नियमितरूपमा गर्दैआएको छ ।

नवप्रतिभा परिंधी खतिवडाको "घरकी फूलबारी" सार्वजनिक

बालगायिका परिधी खतिवडाको आवाजमा सजिएको बालमैत्री गीत 'घरकी फूलबारी' को म्युजिक भिडियो सार्वजनिक भएको छ । कक्षा ४ मा अध्ययनरत परिधीले प्रस्तुत गरेको यो सिर्जना बाल भावना, पारिवारिक आत्मीयता र राष्ट्रिय चेतनाको सन्देश बोकेको प्रेरणादायी प्रयास हो ।

काठमाडौंको बानेश्वरस्थित प्रज्ञाकुञ्ज बोर्डिङ स्कुलमा अध्ययनरत परिधीको स्वरमा रहेको गीतका शब्द उनका पिता इ. प्रमोद खतिवडाले लेखेका हुन् । सडक विभागमा कार्यरत प्रमोद पेशाले प्राविधिक भए पनि साहित्य र संगीतप्रतिको अभिरूचिका कारण उनका कलमबाट यसअघि पनि विभिन्न भावनात्मक गीतहरू जन्मिइसकेका छन् ।

सिर्जनामा बालमनको कल्पना मात्र होइन, देशप्रतिको माया र सामाजिक सद्भावको भावनालाई पनि समेटिएको छ । राष्ट्रिय भावनाले भरिएको बाल गीत भएकोले, यस गीतले बाल चेतनामा देशप्रतिको माया र सद्भाव जागृत गराउने आशा गरिएको छ । गीतले न्यानो पारिवारिक सम्बन्धसँगै देश र माटोप्रतिको समर्पणलाई सरल शब्द र मिठो धुनमार्फत उजागर गर्ने प्रयास गरेको छ ।

यसअघि परिधीले 'लिटिल स्टार नेपाल' प्रतियोगितामा 'मोस्ट पपुलर कन्टेस्टेन्ट' को उपाधि जितेकी थिइन् । गायन, नृत्य, कविता वाचन, चित्रकलालगायत विभिन्न अतिरिक्त क्रियाकलापमा रूचि राख्ने परिधीको बहुप्रतिभा यस गीतमार्फत पुनः उजागर भएको छ ।❖

पूर्वाधार विकास कार्यालय, ललितपुरको अनुरोध

- ◆ सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो ।
- ◆ सडक सीमा अतिक्रमण गरी घर, टहरा निमार्ण नगरौं ।
- ◆ सडक तथा सडक पेटीमा निर्माण सामग्री राखी यातायात तथा पैदल यात्रीलाई अवरोध नगरौं ।
- ◆ सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
- ◆ सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउने जस्ता कार्य नगरौं ।
- ◆ सडकमा जम्मा भएको पानी कुनै किसिमबाट निकास गरौं ।
- ◆ निर्माण भएका सडक संरचना, पुल नाली, फुटपाथको संरक्षण गरौं ।

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
मानभवन, ललितपुर

बाढी र पहिरोबाट जोगिऔं !

बाढी र पहिरोबाट हुने जोखिमबाट सतर्क बनौंः

- ❑ सञ्चार माध्यमबाट मौसमको जानकारी प्राप्त गर्ने गरौं,
- ❑ बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा होसियारी अपनाऔं,
- ❑ आपतकालीन झोला (औषधि, टर्चलाइट, खानेकुरा र लुगाफाटा) तयार राखौं,
- ❑ बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिऔं,
- ❑ बाढी पहिरो आएमा सुरक्षित स्थानतर्फ जाऔं,
- ❑ विजुलीका लाइन वा पोलबाट टाढा बसौं,
- ❑ बाढीको समयमा खोलानाला पार गर्दा सतर्कता अपनाऔं,
- ❑ अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- ❑ घाइते वा जोखिममा परेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

नेपाल सरकार

विज्ञापन वोर्ड

रत्नै: कल्पितमासनं हिमजलै: स्नानं च दिव्याम्बरं । नाना रत्न विभूषितम् मृग मदामोदांकितम् चंदनम ॥
जाती चम्पक विल्वपत्र रचितं पुष्पं च धूपं तथा। दीपं देव दयानिधे पशुपते हृत्कल्पितम् गृह्यताम् ॥
श्री हिमवत्खण्ड नेपाल माहात्म्य तथा शिवमहापुराण
राष्ट्र कल्याण ज्ञान महायज्ञ - २०८२
संकल्पकर्ता
श्री राजानन्द माण्डव्य
आध्यात्मिक प्रवाचक
हर हर महादेव
२०८२ श्रावण १ देखि ३१ गतेसम्म
पशुपतिनाथ क्षेत्र परिसर
(सुमार्गी भवन अगाडी)
उद्देश्य
➤ कैलाश धाम निर्माण
➤ ६४ स्वयम्भु ज्योतिर्लिङ्गको नित्य पूजा
➤ गौ संरक्षणार्थ गौशाला सञ्चालन
सम्पर्क ९८५११००४१२
आयोजक
राष्ट्रिय धरोहर संरक्षण प्रतिष्ठान नेपाल
केन्द्रीय कार्यालय काठमाडौं

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरुणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोबाइल: ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरू:
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली
भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोन: ४२५१९८४

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।
गौरी अब ईन्टरनेको माध्यमबाट
पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क
डोनेशनमा पढ्न सकिने
जानकारी गराउँदछौं।
देश तथा विदेशमा रहनु
भएका पाठक वर्गले सिधै
सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

Your Printing Solution
"गुणस्तरीय छपाई,
सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोन: ०१-४०२२५४४

गो.हु.का. (म.क्ष.हु.नि.द.नं.) १०/०६७/०६८

।।एक युगमा एक पटक।।

ॐ
॥ श्रीपरमात्मने नमः ॥
॥ न भूतो न भविष्यति ॥

।।इतिहासमै पहिलो पटक।।

(न भूतकालमा यस्तो महायज्ञ भयो न त भविष्यमा हाम्रो जीवन कालमा हुन सक्ला या नसक्ला)

ऐतिहासिक श्रीगण्डकी शत (सय) कुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ - २०८२

हार्दिक आभार एवं कृतज्ञता

आदरणीय श्रद्धालुजन, सहयोगी महानुभावहरू एवं समस्त शुभेच्छुकहरू !

यहाँहरूको अथक मिहिनेत, तपश्चर्या र अपार सहयोगमा श्रीगण्डकी शतकुण्डीय गायत्री कोटिहोम विराट् ज्ञान महायज्ञ- २०८२ सफलतापूर्वक सम्पन्न भएको छ । २०८१ चैत्र १७ गतेदेखि २०८२ साल जेठ ३१ गतेसम्म अनवरतरूपमा धार्मिक कथा-प्रवचन, सांस्कृतिक, कलात्मक तथा बौद्धिक कार्यक्रमहरू एवं मानवसेवा मूलक गतिविधिहरू, साथै २०८२ वैशाख १७ गतेदेखि जेठ २६ गतेसम्म सवा करोड गायत्री मन्त्रको यज्ञीय हवन, जप, तर्पण तथा मार्जनले परिपूर्ण यस विराट् आयोजनले धार्मिक, सामाजिक र परोपकारी जगतमा एउटा नवीन कीर्तिमान स्थापित गरेको छ ।

यस ऐतिहासिक यज्ञलाई भव्य, व्यवस्थित र सफल बनाउन योगदान पुऱ्याउनु भएका पोखराका श्रद्धालुजनदेखि लिएर यज्ञ आयोजक समिति, समर्पित स्वयंसेवक वर्ग, प्राविधिक तथा प्रशासनिक कर्मचारी, स्थानीय सरकारका प्रतिनिधि, सुरक्षाकर्मी, आगन्तुक विशिष्ट अतिथिगण, पत्रकारजगत, कलाकारहरू, सञ्चारमाध्यम, धार्मिक संघसंस्थाहरू, श्रद्धेय गुरूवर्ग र सम्पूर्ण जनसमुदायप्रति हामी हार्दिक आभार प्रकट गर्न चाहन्छौं ।

यस महायज्ञको सफलताले हाम्रो परोपकारी लक्ष्य, धार्मिक जागरण, आध्यात्मिक साक्षात्कार र अनाथ बालबालिका तथा ज्येष्ठ नागरिकको सेवालाई सार्थक बनाएको छ । समाज र राष्ट्रको कल्याणार्थ समर्पित यस अनुष्ठानबाट प्राप्त सकारात्मक ऊर्जाले हामी सबैको जीवनमा शान्ति, सद्भाव र संस्कार कायम राख्न प्रेरणा दिइरहोस् भन्ने कामना व्यक्त गर्दछौं ।

अन्त्यमा, यस महायज्ञमा तन, मन र धनले योगदान पुऱ्याउनुहुने प्रत्येक श्रद्धालुजन्, सहयोगी र सनातन धर्मप्रति आस्था राख्नुहुने सबैमा यज्ञ संकल्पकर्ताको रूपमा हृदयदेखि धन्यवाद, शुभकामना र आशीर्वाद व्यक्त गर्दछु ।

जय श्रीगायत्री ! जय श्रीगण्डकी !!

विजयश्री कृष्णमूर्तिजी महाराज

केन्द्रीय कार्यालय:-
कलङ्की-१४, काठमाण्डौं नेपाल ।
०१-५२१९१२५
९८५११३५७०१५/९८०२३७००८१

शाखा कार्यालय:-
सृजनाचोक, पोखरा-०८, कास्की, नेपाल ।
०६१-५८४७०१
९८५६०८२२९१/९७०५२५२१२५